# संघीय संसद

# राष्ट्रिय सभा

# अठारौं अधिवेशन

# कार्यवाहीको सम्पूर्ण विवरण

# २१ वैशाख २०८२

# आइतबार

# बैठक सङ्ख्या- ४

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री नारायण प्रसाद दाहालको अध्यक्षतामा दिनको १२:१९ बजे प्रारम्भ भयो।

(१२:१९ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कारबाही प्रारम्भ हुन्छ। माननीय सदस्यहरू, आकस्मिक समयमा बोल्नका लागि माननीय सदस्यहरूबाट समय माग भएको छ।आकस्मिक समयमा बोल्नका लागि माननीय सदस्यहरूलाई बढिमा ५ मिनेटको समय निर्धारण गरेको छु। अब म, माननीय सदस्यहरुलाई क्रमशः समय उपलब्ध गराउँछु। सर्वप्रथम मा. सदस्य कृष्ण बहादुर रोकाय

(१२:१९ बजे) <u>माननीय श्री कृष्ण बहादुर रोकाय (नेपाली काँग्रेस)</u>:- सम्माननीय अध्यक्ष महोदय, सुन्दर भविष्यको सपना बोकेर लन्डनको कोवेन्ट्री युनिभर्सिटीमा अध्ययन गर्न गएका होनाहार युवा रुकुम पश्चिम मुसिकोट नगरपालिका वार्ड नं १२ का सुशस्त ओली, मिति २०८२ वैशाख १४ गते, २७ अप्रिल २०२५ र भारतको उडिसा स्थित कलिङ्का इन्स्टिच्युट अफ इन्डस्ट्रियल टेक्नोलोजी (KIIT) मा अध्ययनरत बीरगञ्जकी छात्रा प्रीसा साह २०८२ वैशाख १८ गते १ मे २०२५ मृत अवस्थामा फेला परेकी छन्। गत फागुनमा (KIIT) मै अध्ययन र रूपन्देहीकी प्रकृति लम्साल पनि मृत अवस्थामा फेला परेकी थिइन्। यी दुवै घटनाप्रति दुःख

व्यक्त गर्दै म मृत आत्माहरूप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै शोक सन्तप्त परिवारजनमा गहिरो संवेदना प्रकट गर्दछु। सम्माननीय अध्यक्ष महोदय, (KIIT) विश्वविद्यालयमा अध्ययनरत नेपाली छात्रा प्रीसा  शाहको मृत्यु प्रकरणपछि नेपाल सरकारले विद्यार्थीको सुरक्षाको प्रत्याभूतिमा समयमै चासो जनाएको बुझिएको छ। परराष्ट्र मन्त्रालयले (KIIT) मा अध्ययनरत नेपाली विद्यार्थीको सुरक्षा प्रत्याभूतिका लागि समन्वय पनि गरिरहेको जनाएको छ। यसको निम्ति म नेपाल सरकारलाई धन्यवाद दिन चाहन्छु। (KIIT) मा करिब ४० हजार विद्यार्थी अध्ययनरत रहेकोमा नेपाली विद्यार्थीको सङ्‌ख्या कम्तीमा १२०० भएको बुझिएको छ। त्यस्तै लन्डनमा मृत भेटिएका सुशास्तको लन्डन प्रहरीबाट अझै अनुसन्धान जारी रहेको बताइएको छ। सम्माननीय अध्यक्ष महोदय, यी दुवै देशमा भएका दुवै घटनाको कुटनीतिक पहलका माध्यमबाट सत्यतथ्य छानबिन गरी दोषीलाई हदै समयको कारबाहीको पहल, पीडितलाई उचित क्षतिपूर्ति, उक्त कलेजहरूमा विद्यार्थीको पूर्ण सुरक्षाको प्रत्याभूति र आगामी दिनमा यस्ता घटना दोहोरिन नदिनका लागि सम्माननीय अध्यक्ष मार्फत नेपाल सरकारको गम्भीर ध्यानाकर्षण गराउन चाहन्छु। धन्यवाद।

(१२:२१ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य गंगा कुमारी बेलबासे।

(१२:२१ बजे) <u>माननीय श्री गंगा कुमारी बेलबासे (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>:- सम्माननीय अध्यक्षज्यू, नेपाली विद्यार्थीहरू प्लस टु(+2) पास गरिसकेपछि विदेशका विभिन्न देशमा विदेशमा अध्ययन गर्नका लागि विदेश जाने गरिरहेका छन्। र अहिले पछिल्लो समयमा आजभन्दा अढाई महिना अगाडि प्रकृति लम्साल को जुन कलेजमा मृत्यु भएको थियो र त्यहाँ विद्यार्थीहरुले विद्रोह गरेका थिए। प्रकृति लम्सालको मृत्यु सहज थिएन। त्यहाँ उनले आफू असुरक्षित रहेको प्रशासनलाई दुईदुई पटकसम्म जानकारी गराएकी थिइन्। र त्यसपछाडि पनि प्रशासनले केही पहल नगरिसकेपछि उनी आत्महत्या गरेको भनेर भनिएको जो घटना थियो त्यसको छानबिन गरेर प्रतिवेदन आइसकेको छ वा छैन हामीलाई जानकारी भइराखेको छैन। त्यसको जानकारी गराउनका लागि पनि म गृहमन्त्रीसँग माग गर्दछु र यो पछिल्लो घटना जो अस्ति १७ गते १८ गते भारतको ओडिसा राज्यमा रहेको कलिङ्गा इन्स्टिच्युट अफ इन्डस्ट्रियल टेक्नोलोजी (KIIT) विश्वविद्यालयमा अध्ययनरत नेपाली छात्रा प्रीसा शाहको चौथो तलाको १११ नम्बर कोठामा मृत भेटिएकी छन् र त्यसको छानबिन भइरहेको छ। त्यसलाई सिल गरेर छानबिनको नाटक गरिएको छ र त्यहाँ के भएको हो? किन यस्तो बारम्बार यस्ता घटनाहरु

घटिरहेका छन् र त्यही ठाउँमा किन यस्ताधरना छरिरहेका छन? भन्ने कुरा नेपाल सरकारले विशेष खोजी गर्नका लागि र त्यस्तो समिति बनाएर जाँचबुझ गर्नका लागि पनि म अनुरोध गर्दछु। र उमेर समुह हेरेर, पढाइ हेरेर विद्यार्थीहरुलाई कामको NOC दिने वा नदिने भन्ने पनि नेपाल सरकारले ध्यान दिनुपर्छ कि भन्ने कुराहरु पनि म राख्न चाहन्छु। सचेत बनाउन चाहन्छु। र यस्ता विभिन्न ठाउँमा अध्ययनरत जो विद्यार्थीहरु हुन्छन्, उनीहरुमा राम्रो अध्ययनरत विद्यार्थीहरु जो कलेजमा फस्ट भइराखेका हुन्छन्। जो त्यहाँको लोकल स्टुडेन्टले जित्न नसकेको अवस्थामा पनि हत्या हुने, मृत्यु हुने, पानीमा गाड्ने, कुल खोल्साहरुमा  गाडी दिने, लास बेपत्ता पारिदिने यस्ता घटनाहरु बारम्बार भइरहेका थिए र अहिले पछिल्लो समयमा एउटै कलेजमा जे घटना घटिरहेको छ। यसको प्रति म खेद व्यक्त गर्दछु। मृतकहरु प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै शोक सन्तप्त परिवारजनमा हार्दिक संवेदना व्यक्त गर्दै मेरो भनाई यही अन्त गर्दछु। र सरकारले यसको जवाफ दिनका लागि म माग गर्दछु। हस् धन्यवाद।

(१२:२४ बजे) <u>**सम्माननीय अध्यक्ष**</u>ः- माननीय सदस्य सुमित्रा बि.सी.।

(१२:२५ बजे) <u>**माननीय श्री सुमित्रा बि.सी. (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**</u>ः- सम्माननीय अध्यक्ष महोदय, भारतको केआइटी (KIIT) विश्वविद्यालयमा अध्ययनरत नेपाली छात्रा प्रिंसा साह आफ्नै होस्टेलको कोठामा मृत अवस्थामा भेटिएको खबर पाइयो। परराष्ट्र मन्त्रालयले मन्त्रालय घटना लगत्तै भारत सरकार ओडिसा सरकारका उच्च अधिकारीहरू र दिल्लीस्थित नेपाली दूतावास मार्फत घटनाको सत्यतथ्य छानबिन गर्न कुटनीतिक पहल थालेको कुरा मन्त्रालयबाट जारी गरिएको विज्ञप्ति मार्फत हामीलाई जानकारी प्राप्त भएको छ। भारत सरकारले पनि छानबिन प्रक्रिया अगाडि बढाएको कुरा जानकारीमा आएको छ। पहलका लागि नेपाल सरकारलाई हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु। दिवंगत प्रिसा शाहप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै परिवारजनमा गहिरो संवेदना प्रकट गर्दछु। अब आउने दिनमा यस प्रकारका घटनाहरु नघटुन भन्नका लागि सचेत रहन सजग रहँदै पहल लिन म सरकारको ध्यान आकर्षण गर्न चाहन्छु। र भविष्य उज्ज्वल बनाउन गएका नेपाली चेलीहरू पटकपटक दिवंगत हुनुपर्दा यसप्रति नेपाल सरकारको गम्भीर ध्यान जाओस् र जुन पहल गरिरहेको छ यो पहल अझै तीव्र रुपले अगाडि बढोस् र यसको सत्य तथ्य छानबिन गरी पीडितले न्याय पाउने वातावरण सिर्जना होस् भन्ने भनाइ राख्दै आफ्ना भनाइ टुङ्गाउछु। धन्यवाद।

(१२:२६ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य मदन कुमारी शाह "गरिमा"।

(१२:२७ बजे) **माननीय श्री मदन कुमारी शाह"गरिमा"(नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**:- सम्माननीय अध्यक्षज्यू, सर्वप्रथम म विदेशी भूमिमा अस्थायका नेपाली छोरा सुशान्त ओली र नेपाली छोरी प्रिसा साहप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु। परिवारजनमा संवेदना प्रकट गर्दछु। सम्माननीय अध्यक्षज्यू यही सदनमा यही सभामा हामीले प्रकृति लम्सालको रहस्यमय मृत्यु प्रकरणको बारेमा के भएको हो भनेर नेपाल सरकारलाई सोध्ने काम गरेका थियौं। सुनौलो भविष्यका सपना बोकेर भारतको ओडिसा राज्यको भुवनेश्वर स्थित कालिङ्गा इन्स्टिच्युट अफ इन्डस्ट्रियल टेक्नोलोजी KIIT university मा कम्प्युटर साइन्सको प्रथम वर्षको विद्यार्थी बीरगञ्जकी १९ वर्षीय प्रिसा शाह होस्टेलको कोठामा उही तल, उही ब्याच, उही होस्टेलमा फेरि झुन्डिएको अवस्थामा फेला परेकी छन्। र हलुङ्गो तरिकाले भन्दिने गरिन्छ प्रेम सम्बन्ध असफल भएर वा मानसिक तनावलाई झेल्न नसकेर युवाहरु आत्महत्या गर्ने गर्छन् भनेर यति सजिलैसँग कसैको मृत्युलाई लिने गरिन्छ। म सम्माननीय अध्यक्षज्यू मार्फत नेपाल सरकारको ध्यानाकर्षण गराउन चाहन्छु। तीन महिनाको बीचमा त्यही एउटै युनिभर्सिटी (KIIT) जसलाई कालिङ्गा इन्स्टिच्युट अफ इन्डस्ट्रियल टेक्नोलोजी भनिन्छ। त्यसमा दुईजना हाम्रा नेपाली छोरीहरूले आफ्नो अमूल्य जीवनको गुमाएका छन्। त्यसलाई यति सजिलै हामीले आत्महत्या मान्ने? म कुनै पनि हालतले यसलाई आत्महत्या मान्न तयार छैन म। त्यो युनिभर्सिटीमा केही न केही समस्या छ। जसका कारणले गर्दाखेरि विद्यार्थीहरुले निरन्तर आत्महत्या गरिरहेका छन्। केही समय पहिला त्यही युनिभर्सिटीमा एकजना विद्यार्थीले पनि आत्महत्या गरेका थिए। श्रृङ्खलाबद्ध आत्महत्या भइरहेको छ। र त्यसको दोष विद्यार्थीमाथि थोपरेर प्रशासन त्यहाँको उम्किने काम भएको छ। र नेपाल सरकारले अहिलेसम्म यो सभामा आएर प्रकृति लम्सालको मृत्युबारे के भएको भनेर जवाफ दिएको छैन। म नेपाल सरकारसँग माग गर्न चाहन्छु। प्रकृति लम्साल र प्रिसा साहको मृत्यु किन, कसरी, कुन परिस्थितिमा भएको हो? त्यसमा हाम्रो सरकारले के कस्ता कदमहरु अगाडि बढाइरहेको छ भन्ने कुरा चाहिँ यो सभामा आएर जवाफ दिनको लागि म जोडदार माग गर्न चाहन्छु। सम्माननीय अध्यक्षज्यू, हामीले गरिब देशको नागरिक हामी हामीलाई न्याय पाइन्छ परदेशको भूमिमा भन्ने मलाई त लाग्दैन। तर हाम्रा छोराछोरीहरू उच्च शिक्षा अध्ययनका लागि जब विदेशी भूमिमा जान्छन् उनीहरूको सुरक्षाको जिम्मा यो राज्यको हो जस्तो मलाई लाग्छ। जुन देशमा, जुन विश्वविद्यालयमा, जुन शिक्षण संस्थामा हाम्रा नेपाली विद्यार्थीहरु सुरक्षित छैनन्, सुरक्षाको अनुभूति छैन, प्रत्याभूति छैन। त्यस्तो ठाउँमा हामीले पठाउनु हुन्न। NOC दिनु हुन्न भन्ने कुरा पनि म माग राख्न चाहन्छु। हामी

सधैं यो नियति भोग्न तयार छैनौं। नेपालका युवाहरु सधैं यो नियती भोग्न तयार छैनन्। हामी यो अन्याय सहन सक्दैनौं। त्यसकारणले गर्दाखेरि नेपाल सरकारले यसबारेमा चाहिँ संवेदनशील भएर आफ्नो जिम्मेवारी र आफ्नो कर्तव्य सम्झेर यो विषयलाई चाहिँ लेओस् भन्ने म माग गर्न चाहन्छु। सम्माननीय अध्यक्षज्यू यो (KIIT) विश्वविद्यालयमा आफ्ना कलिला भविष्य बोकेका छोराछोरीहरुलाई नपठाउन नपढाउनको लागि म यही सभा मार्फत म नेपाली सम्पूर्ण अभिभावक आमाबुवा, दाजुभाई सबैलाई म अनुरोध पनि गर्न चाहन्छु। आह्वान पनि गर्न चाहन्छु र फेरि विदेशी भूमिमा सुनौलो सपना बोकेर भविष्य निर्माण गर्न गएका हाम्रा कलिला छोराछोरीहरु अस्ताउन नपरोस् यही कामना व्यक्त गर्दै म पुन मृतक दुवै जना प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै बिदा हुन्छु। धन्यवाद।

(१२:३१ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य मृगेन्द्र कुमार सिंह यादव। नाम चेन्ज गर्नुभएको रहेछ म काहाँ आइपुगेन। माननीय सदस्य मोहम्मद खालिद।

(१२:३२ बजे) **माननीय श्री मोहम्मद खालिद (जनता समाजवादी पार्टी नेपाल)**:- (......माईक सुनिएन।)।

(१२:३६ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य शेखर कुमार सिंह।

(१२:३७ बजे) **माननीय श्री शेखर कुमार सिंह (लोकतान्त्रिक समाजवादी पार्टी नेपाल):-** सम्माननीय अध्यक्षज्यू, आज निश्चित रुपमा बडा खेदजनक कुरो लिएर हामीले आउनुपऱ्याछ। उज्ज्वल भविष्यको कामना गरी मृतकका परिवारहरू कति आश राखेर आफ्नो बालबच्चालाई उच्च शिक्षा हासिल गर्नको नाउँमा बाहिर पठाउँछ। त्यहाँ त्यस्तो छात्र-छात्राहरूले सुसाइड गर्न एउटा के अवस्था हो? यो अवस्थालाई त गम्भीरतापूर्वक लिनै पर्यो। किनकि अब दोहोरायो अध्यक्ष महोदय। एउटै institute मा भूमेश्वरको (KIIT) मा यो घटना दोहोरायो। चार महिनामै दोहरायो। अहिले बीरगञ्ज निवासी प्रीसा साह पर्नुभएको छ। म उहाँको यस्तो दुखद घटनाप्रति शोक व्यक्त गर्न चाहन्छु। र उहाँ परिवारप्रति समवेदना दिन चाहन्छु। साथै नेपाल सरकारले समयमै सजग भएर कारबाही गर्नुभएको छ। त्यसको लागि नेपाल सरकारलाई धन्यवाद दिन पनि चाहन्छु। कारबाहीको साथसाथ यो दोस्रो घटना ४ महिनाभित्रै कसरी दोहोरेर आए यसको

पूर्णरूपले छानबिन होस् र दोषीलाई कडादेखि कडा कारबाही गरियोस। जो आइन्दा यस्ता प्रकृतिका घटनाहरु घट्न नपाओस् हामी माग गर्न पनि चाहन्छु सरकारबाट। किनकि अब बडा सजिलो उपाय छ। बेचारी मृत्यूवरण गरे पनि गइन्, माथि एउटा लाञ्छना पनि जोड दिन्छ त्यहाँका institute ले। त्यो लाञ्छना लगाउनुभन्दा अगाडि सत्यतथ्य जाँच भएर के हो त्यो कुरोको पुष्टि हुनुपर्यो। र मित्रराष्ट्र भारतलाई पनि नेपाल सरकारले जसरी आग्रह गर्नुभएको छ त्यसमा कडादेखि कडा कारबाहीका दोषी जो छन् त्यो परुन। र यिनीहरू माथि यसरी पटकपटक भइराखेको निन्दनीय घटनाप्रति हामी त्यहाँका इन्स्टिट्युटलाई पनि सजग रहन आग्रह गर्दछु। तपाईंको institute मा हामी नेपालीले आफ्नो भविष्य पठाउँदै छु। त्यो भविष्यले अस्ताउन सुरु गर्नुभयो भने तपाईंको पनि के होला इन्टिच्यूट हविगत त्यो त एक न एक दिन बुझ्नै पर्छ। त्यसैकारणले अब यस्ता दुखद कुरोको जति भर्तसना गरेपनि कम नै हुन्छ। म पुनः नेपाल सरकारले धन्यवाद दिँदै साथै यसको depth मा गएर यो घटना किन दोहोरी दोहोरी आइराख्या छ? पक्कै नै स्पष्टता आउँछ भन्ने आश राख्दै म आफ्नो दुई शब्द यहि अन्त्य गर्छु। धन्यवाद।

(१२:४१ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य तुल प्रसाद विश्वकर्मा।

(१२:४१ बजे) **<u>माननीय श्री तुल प्रसाद विश्वकर्मा (राष्ट्रिय जनमोर्चा)</u>:-** सम्माननीय अध्यक्ष महोदय, आज फेरि नेपाली विद्यार्थीमाथिको चरम दमन जुन केआइआइटी कलेजमा भइरहेको कुरा पुनर्पुष्टि भएको छ। आज प्रकृति लम्सालको मृत्यु भएको चार महिना नपुग्दै फेरि वीरगंजका १९ वर्षीय प्रिंशा शाहको सोही होस्टेलमा आत्महत्या भएको कुरा आइरहेको छ। त्यसैले म नेपाल सरकारको गम्भीरतापूर्वक ध्यान आकर्षित गर्न चाहन्छु। अब नेपाल सरकारले यो केआइटी कलेजमा जुन NOC दिने प्रक्रिया छ यसलाई रोक्नुपर्छ। तुरुन्त नेपाली विद्यार्थीलाई एनओसी दिनु हुँदैन। किनभन्दा आज बारम्बार त्यहाँ नेपाली विद्यार्थीहरु जुन हत्या भएको छ अथवा आत्म हत्या जे होस्। यो के हो त भन्दा नेपालीप्रतिको दुर्व्यवहारलाई सहन नसकेर चाहे जुनसुकै स्तरको र जुनसुकै प्रकारको दुर्व्यवहार होस्। नेपाली विद्यार्थीहरु बारम्बार त्यहाँ आत्महत्या अथवा हत्या हुने भइरहेको छ। त्यसैले पहिलो कुरा म नेपाल सरकारलाई यो केआईएटी कलेजको एनओसी बन्द गरियोस् भन्ने नि माग गर्न चाहन्छु। दोस्रो कुरा प्रिन्सा शाह प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै उहाको शोक सन्तप्त परिवारप्रति म हार्दिक संवेदना प्रकट गर्न चाहन्छु। आज प्रकृति लम्सालको के भएको थियो नेपाल सरकारले त्यसको अध्ययन अनुसन्धान

गरेर यहाँ कुनै जवाफ दिएको छैन। त्यसको पनि जवाफ छैन म माग गर्न चाहन्छु। र यसका साथै म यहाँहरुको प्रसङ्ग उठाउन चाहन्छु। आज नेपालको कुल जनसङ्ख्याको २०%को हाराहारीमा रहेका दलित समुदायको नेपालको न्याय प्रणाली माथिको विश्वास डगमगाएको छ। रुकुम पश्चिमको चौरजारीमा विगतमा घटेको जुन नवराज बिक लगायतका छ जनाको जुन हत्या भएको थियो। त्यो हत्याको प्रसङ्गमा कर्णाली उच्च अदालत सुर्खेतले जिल्ला अदालतले अदालतले गरेको निर्णयलाई उल्ट्याइदिएको छ। २३ जनामाथि जन्मकमदको सजाय पुगेको छ। र जिल्ला अदालतले यी २३ जनामाथि जन्म कैदका साथै छुवाछुत र भेदभाव विरुद्धको सजाय पनि तोकिएको थियो। तर त्यो सजायलाई बदर गरेको छ। जुन कारणले नवराज वि.क लगायतका छ जनाको हत्या भयो। त्यो निश्चित रुपमा भेदभाव र छुवाछुतकै कारण हो। नवराज वि.क दलित भएकै कारण उनको प्रेमीकामा माइतीहरुले अथवा प्रेमिकाका गाउँका मानिसहरुले त्यो हत्या हुनु भन्दा अगाडि पनि उनलाई कुटपिट गरेका थिए भेट्न गएको बेलामा। र त्यतिबेला उनीमाथि जुन किसिमको एउटा सारा गाउँ नै लागेर घेरा हालेर उनलाई लखेटी लखेटी भेरी नदीको किनारमा उनी लगायत ६ जनालाई मार्ने काम भयो। यसको मेन कारण मूल कारण छुवाछुत र भेदभाव नै हो। त्यसैले मूल विषयमा सजाय गर्नुको बदला त्यसलाई खारेज गरेर ज्यानसम्बन्धी कैद मात्रै जुन उच्च अदालतले निर्णय गरेको छ। यसमा गलत भएको छ। यो ज्यान सम्बन्धी जन्म कैदको निर्णय गर्यो त्यसलाई हामी स्वागत गर्छौं। तर छुवाछुत र भेदभावको कारणले भएको घटनालाई जुन मिनिमाइज गर्ने काम गरियो त्यसलाई खारेज गर्ने काम गरियो। यसप्रति हाम्रो घोर आपत्ति छ। त्यसैले यसमा पुनर्विचार गरिनुपर्छ भन्ने कुरा राख्दै मैले आफ्नो भनाइलाई टुंग्याउन चाहन्छु। धन्यवाद।

(१२:४५ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य डाक्टर अन्जान शाक्य।

(१२:४५ बजे) **<u>माननीय डा. अञ्जना शाक्य (मनोनित)</u> :-** सम्माननीय अध्यक्ष महोदय, आज पनि आज मेरो पनि आकस्मिक विषय रहेको छ तर विषयवस्तु अलि भिन्न रहेको छ। तर यो महत्वपूर्ण छ। यो बुद्ध जयन्ती मनाउने सन्दर्भमा भएको त्रुटि सम्बन्धमा छ। आउँदो वैशाख २९ गते बुद्ध जयन्ती भएकोले आज मैले यो विषय उठाउनुपर्ने आवश्यकता महसुस देखेको र गरेको हुनाले यो विषय उठान गर्ने अनुमति चाहन्छु। सम्माननीय अध्यक्ष महोदय, अब म बैशाख २९ गते मनाइने बुद्ध जयन्तीको सन्दर्भमा केही महत्वपूर्ण कुरा राख्न गइरहेकी छु। भगवान गौतम बुद्ध इस्वीपूर्व ६२३ मा वैशाख पूर्णिमाका दिन लुम्बिनीमा जन्मनु भएको थियो। उहाँले

३५ वर्षको उमेरमा बोधगयामा बुद्धत्व प्राप्त गर्नुभयो। र ८० वर्षको उमेरमा कुसीनगरमा महापरि निर्माण हुनुभयो। यो तीनवटै महत्वपूर्ण घटना वैशाख पूर्णिमाकै दिन परेकोले यस दिनलाई त्रिसयोग दिवस पनि भनिन्छ। गौतम बुद्धको जन्मस्थान नेपाल भएपनि बुद्ध जयन्ती मनाउने सन्दर्भमा गम्भीर त्रुटि भइरहेको छ। बुद्धको जन्ममितिलाई आधार मानेर बुद्ध जयन्ती मनाउनुपर्नेमा महापरि निर्माण अर्थात् उहाँ दिवंगत भएको मितिलाई आधार मानेर हामीले बुद्ध जयन्ती मनाउने गर्दै आइरहेका छौं। यद्यपि बुद्ध जयन्ती मनाउने सन्दर्भमा नेपालमा तीन प्रकारका अभ्यासहरु पाइन्छन्। पहिलो बुद्धको जन्ममिति ईसापूर्व ६२३ लाई आधार मानेर जसले अब आउने वैशाख २९ गते २६४९औं बुद्ध जयन्तीका रूपमा बुद्धजयन्ती मनाउँदैछन्। दोस्रो भनेको बुद्ध महापरि निर्माण हुनुभएको मिति अर्थात् बुद्ध सम्वतलाई आधार मानेर २५६९ औं बुद्ध जयन्ती मनाउने। तेस्रो गौतम बुद्धको जन्म र महापरि निर्माणका मितिलाई बेवास्ता गर्दै वैशाख पूर्णिमालाई त्रिसंयोग दिवसको रुपमा मात्र मनाउने। यसरी बुद्ध जन्मनु भएको देशमै बुद्ध जन्मनुभएको मितिलाई आधार मानी बुद्ध जयन्ती नमनाइकन फरक फरक रूपमा बुद्धजयन्ती मनाउने गर्नु भनेको नेपालको लागि विडम्बना हो। प्रज्ञा नेपाली बृहत शब्दकोष अनुसार जयन्ती भनेको कुनै पनि व्यक्ति वा संघसंस्थाको जन्मदिन सो दिनमा मनाइने उत्सव हो। यस परिभाषा अनुसार पनि बुद्ध जयन्ती भन्नाले बुद्धको जन्मदिनलाई उत्सवका रुपमा मनाउने दिवस भनेर बुझ्नुपर्दछ। तसर्थ यस वर्ष २६४९ औं बुद्ध जयन्ती मनाउनु पर्दछ। विक्रम सम्वत २०५५ सालमा लुम्बिनीमा सम्पन्न प्रथम विश्व बौद्ध शिखर सम्मेलनले बुद्ध जयन्तीको दिनलाई लुम्बिनी दिवसको रुपमा मनाउने घोषणा गरेको थियो। लुम्बिनी विकास कोषले लुम्बिनी दिवस मनाउन थालेपनि बुद्ध जयन्ती भने बुद्धको महापरि निर्माणको दिनलाई आधार मानेर मनाउँदै आएको देखिन्छ। मृत्यु भएको दिनलाई जन्म जयन्तीको रुपमा मनाउने अभ्यास अन्य देशमा पाइँदैन। नेपालको आधिकारिक निकायबाटै यस्तो गलत अभ्यास भइरहेको पाइन्छ। मेरो सुझाव छ नेपाल सरकारले वैशाख २९ गते वैशाख पूर्णिमालाई २६४९ औं बुद्ध जयन्ती तथा लुम्बिनी दिवसका रुपमा मनाओस्। र सबै सरोकारवालाहरुलाई यसै बमोजिम बुद्ध जयन्ती मनाउन निर्देशन पनि जारी गरियोस्। यसले विश्वसामु सही सन्देश जानेछ र लुम्बिनीलाई धार्मिक पर्यटनको केन्द्रका रुपमा विकास गर्न मद्दत पुग्नेछ। तसर्थ मेरो यो मागलाई अविलम्ब कार्यान्वयनका लागि पुनः एकपटक सम्माननीय अध्यक्षज्यू मार्फत नेपाल सरकार तथा सरोकारवालाहरू सबैमा आह्वान गर्दछु। सबैको मङ्गल होस् सबैको जय होस्। धन्यवाद।

(१२:४९ बजे) <u>सम्माननीय अध्यक्ष</u>ः- माननीय सदस्यहरू, "आकस्मिक समय" मा माननीय सदस्यहरूले बोल्ने क्रम यहीं समाप्त हुन्छ। माननीय सदस्यहरू, "शून्य समय" मा बोलनका लागि माननीय सदस्यहरूको नाम प्राप्त भएको छ। म माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउँछु। शून्य समयमा बोल्नका लागि प्रत्येक माननीय सदस्यहरूलाई १/१ मिनेटको समय निर्धारण गरेको छु। सर्वप्रथम माननीय सदस्य उदय बहादुर बोहरा।

(१२:५० बजे) <u>माननीय श्री उदय बहादुर बोहरा (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>ः- सम्माननीय अध्यक्षज्यू, भारतको उडिसा राज्य स्थित कलिङ्गा इन्स्टिच्युट अफ इन्डस्ट्रियल टेक्नोलोजी किटमा बि टेक प्रथम वर्षमा अध्ययनरत सर्लाही कविलास ८ की १९ वर्षीय प्रिसा साह यही १८ वैशाख बिहीबार साँझ किटकै छात्रावासको आफ्नै कोठामा मृत फेला परेकी छन्। गत फागुन ४ गते किटमै अध्ययनरत रुपन्देहीकी प्रकृति लम्साल छात्रावासमै मृत फेला परेकी थिइन्। यसरी दुई महिनाको अन्तरालमा नेपाली छात्राहरुले यो जुन ज्यान गुमाउनु परिरहेको छ। यो असाध्यै दुःखदायी छ। त्यस्तै लन्डन विश्वविद्यालयमा अध्ययनरत सुशान्त ओलीको पनि रहस्यमय मृत्यु भएको खबर आइरहेको छ। त्यसो भएको हुनाले घटनाको निष्पक्ष अनुसन्धान छानबिन गरी यथार्थ सत्य साँचो विवरण सार्वजनिक गर्न भारतका विभिन्न र भारतका विभिन्न शैक्षिक संस्थामा अध्ययनरत नेपाली विद्यार्थीहरूको (... समय सकिएको।)

(१२:५१ बजे) <u>सम्माननीय अध्यक्ष</u>ः- माननीय सदस्य कृष्ण प्रसाद पौडेल।

(१२:५१ बजे) <u>माननीय श्री कृष्ण प्रसाद पौडेल (नेपाली काँग्रेस)</u>ः- सम्माननीय अध्यक्षज्यू, लामो समयदेखि आत्मनिर्भर अर्थतन्त्र सरकारको उच्च प्रायोरिटीमा पर्दापर्दै पनि आम नागरिकको अपेक्षा र चाहना अनुसारको आर्थिक विकास र वृद्धि हुन नसकेको घाम झैं छर्लङ्ग छ। भन्सार विभागले हालै सार्वजनिक गरेको वैदेशिक व्यापार तथ्याङ्क अनुसार चालु आर्थिक वर्षको ९ महिनाको तथ्यांक हेर्दा ६६ अरब ५ करोड स्वायबिन तेल कच्चा, २२ अर्ब ६४ करोडको सनफ्लावर कच्चा, १८ र ५ करोडको धान, १३ अर्ब ७८ करोडको चामल, १३ अरब ७३ करोडको मकै, ७ अरब ६४ करोडको स्याउ, ६ अर्ब ४५ करोडको लसुन, ६ अरब २ करोडको आलु आयात भएको देखिन्छ। सम्माननीय अध्यक्षज्यू यस्तो कहालीलाग्दो व्यापार घाटाले मुलुकको अर्थतन्त्र कता जाँदैछ तसर्थ उल्लेखित तथ्य र तथ्याङ्कलाई गहिरो विश्लेषण गरी आगामी आर्थिक वर्षको बजेट निर्माण गर्दा स्वदेशमै उत्पादन हुन सक्ने यस्ता वस्तुहरूको

उत्पादन र उत्पादकत्व वृद्धि गरी व्यापार घाटा न्यूनीकरण गर्न सम्माननीय अध्यक्षज्यू मार्फत माननीय अर्थमन्त्रीज्यूको ध्यानाकर्षण गर्न चाहन्छु। जय नेपाल।

(१२:५२ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य गोमा देवी तिमिल्सिना।

(१२:५२ बजे) <u>माननीय श्री गोमा देवी तिमिल्सीना (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>:- ......सम्माननीय (फेरि माईक आएन) सम्माननीय अध्यक्षज्यू, यो बेलाबेला बिग्रिया छ। यो देशमा सुशासन पनि बिग्रिया छ त्यसो भएर माईक पनि बिग्रिरहेको छ। सरकारमा रहे सरकार पक्षधरहरूलाई पनि विश्वास छैन। राज्यमा सुशासन आएको छ सुशासन छ भन्ने कुरा उहाँहरु उहाँहरू जबरजस्त भन्न बाध्य हुनुहुन्छ। तर देशमा सुशासनको प्रत्याभूति दिलाउन सकेको छैन। जनतालाई महङ्गी, भोकमरी दिन प्रतिदिन बढेको छ। भ्रष्टाचार बढेको छ, हत्या, आतंक बढेको छ यो अवस्थामा सरकारले सुशासन दिलाउन सक्यो कसरी भन्ने? अहिले भएन हाम्रा विद्यार्थीहरू पढ्न जान्छन् पढ्ने निहुँमा हत्याको सिकार भएका छन्। यसलाई सरकारले छिटोभन्दा छिटो (....समय सकिएको।)

(१२:५४ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य जयन्ती देवी राई।

(१२:५४ बजे) <u>माननीय श्री जयन्ती देवी राई (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>:- सम्माननीय अध्यक्ष महोदय, कानुनले बालविवाहलाई मान्यता दिएको छैन। अपराध ठानिन्छ तर पनि बालविवाह भएको छ र बालविवाहबाट सन्तान जन्मेको छ तर त्यो सन्तानहरूको आज जन्मदर्ता भएको छैन। त्यही कारणले गर्दा ती सन्तानहरू आज ती बच्चाहरू चाहिँ अधिकार विहीन भएर चाहिँ कुनै पनि राज्यको सुविधाबाट बन्चित हुने, पढ्न नपाउने जन्मदर्ता नहुने यो चाहिँ एकदमै गम्भीर समस्या पैदा भएको छ। त्यसकारणले यो सरकारको गम्भीर ध्यानाकर्षण गर्न चाहन्छु। त्यस्ता किसिमको जोसुकै होस्। बालविवाह होस् कि, living together बाट होस् कि अवैध सम्बन्धबाट होस् कि तर बच्चाको कुनै दोष छैन तर ती बच्चा जन्मेका बच्चाहरुले आफ्नो अधिकार प्राप्ति गर्नुपर्छ भन्ने म ध्यानाकर्षण गर्न चाहन्छु। यसरी नै भारतको KIIT युनिभर्सिटीमा जुन दुईवटा चाहिँ हाम्रा नेपाली छोरीहरु मृत्यु भएको छ। त्यसको गम्भीर सरकारलाई ध्यानाकर्षण गराउन चाहन्छु।

(१२:५५ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्य दुर्गा गुरुङ।

(१२:५५ बजे) **माननीय श्री दुर्गा गुरुङ्ग (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्षज्यू, कर्णाली प्रदेश तरकारी खेती तथा फलफुल खेतीतर्फ केही जिल्लाहरूमा व्यवसायिक कृषिको सम्भावना रहेता पनि कर्णाली प्रदेशको अधिकांश कृषि गुजारामुखी नै छ। यसलाई उत्पादन तथा बजारीकरणका लागि प्राविधिक तथा आर्थिक अनुदान प्याकेजमा विशेष कार्यक्रम सञ्चालन गर्नका लागि अध्यक्षज्यू मार्फत सरकारको ध्यान आकर्षण गर्न चाहन्छु। सम्माननीय अध्यक्षज्यू, कर्णाली प्रदेशमा मातृ शिशु मृत्युदर, बालविवाह र किशोरी आमा बन्ने समस्या उच्च रहेको छ। ग्रामीण भेगमा स्वास्थ्य सेवा सुलभ पहुँच हुन सकिरहेको छैन। राजधानी जिल्ला र केन्द्रहरूमा समेत सुविधा सम्पन्न अस्पताल निर्माण गर्न जरुरी छ। सम्मानीय अध्यक्षज्यू मार्फत सरकारको ध्यान आकर्षण गर्न चाहन्छु। धन्यवाद। जय नेपाल।

(१२:५६बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्य नारायण दत्त मिश्र।

(१२:५६ बजे) **माननीय श्री नारायण दत्त मिश्र (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, कर्णाली र सुदूरपश्चिममा निकालिने विद्युतका परियोजनाहरु विवाद र ढिलासुस्तीको सिकार भएका छन्। आजभन्दा ५० वर्ष पहिले कर्णाली प्रोजेक्टको लागि भनेर युनिभर्सिटीमा वर्षको ५० जनाका दरले लिनेहरु पठाइदिन्थे। पानी जाँच्ने क्रममा २०३० सालतिर एकजना जापानी इन्जिनियर कर्णालीमा डुबेर मरे। पञ्चेश्वरको सम्झौता २७ वर्ष पहिले देखि नै लथालिङ् अवस्थामा छ। सेती प्रोजेक्ट २० वर्ष सम्म स्मेक भन्ने कम्पनीले ओगटेर राख्यो। अहिले अलपत्र परेको छ। त्यस्तै अन्य परियोजना सेती लोकमार्गले गति लिन सकेको छैन भने खुटिया विमानस्थल फास्ट ट्र्याको गति कछुवाको भन्दा सुस्त छ। गेटा मेडिकल कलेजमा बनेका संरचनाले सुदूरपश्चिमलाई नै जिस्काइरहेको छ। भूत बंगला भएको छन्। ... दिपायल सडकको काम अगाडि बढाउन जरुरी छ भने कैलालीको बौनिया लाल .....रोड जिर्ण अवस्थामा छ। अहिले भारतमा मृत्युभरण गरेको KIIT कलेजमा साहलाई म .... (....समय सकिएको।)

(१२:५७ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य भुवन बहादुर सुनार।

(१२:५७ बजे) **माननीय श्री भुवन बहादुर सुनार (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्षज्यू, २०८१ चैत १५ गते तिनकुनेमा विध्वंसात्मक र उत्पात मच्चाउने घटनाको माइक्रो म्यानेजमेन्ट मिलाउने ज्ञानेन्द्र शाहलाई तुरुन्तलाई गिरफ्तार गर्नुपर्ने थियो। सरकारले अहिलेसम्म के हेरेर बसेको छ। सरकार किन ढिलासुस्ती गरेको छ र त्यस्ता अपराधीलाई कानुनी दायरामा ल्याउन ढिला भइरहेको छ। त्यसैले गर्दा सम्माननीय अध्यक्ष मार्फत उक्त व्यक्तिलाई कारबाहीको दायरामा ल्याउन माग गर्दछु। धन्यवाद।

(१२:५८ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य मदन कुमारी शाह "गरिमा"।

(१२:५८ बजे) **माननीय श्री मदन कुमारी शाह"गरिमा"(नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**:- सम्माननीय अध्यक्षज्यू, आजदेखि १२ कक्षाको परिक्षा प्रारम्भ भएको छ। म सम्पूर्ण विद्यार्थी भाइबहिनीहरू परीक्षामा सफलताको हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु। र म के नेपाल सरकारसँग अनुरोध गर्न चाहन्छु भने स्नातकसम्मको अध्ययन अध्यापन गर्ने सम्पूर्ण वातावरण परिस्थिति नेपालमै निर्माण गरियोस्। हाम्रा कलिला भाइबहिनीहरू विदेशमा गएर आफ्नो जीवन गुमाउन नपरोस्। त्यसको लागि त्यो वातावरणको लागि अनुरोध गर्न चाहन्छु। र यो १२ पास गरेर विदेशमा पढ्न जाने त्यसको लागि नेपाल सरकारले NOC दिने यो बन्द गर्नुपर्यो। भन्ने कुरा चाहिँ म माग राख्न चाहन्छु। र विशेष गरेर यो उडिसाको भुवनेश्वरमा रहेको KIIT लाई त दिनु हुन्न भन्ने माग गर्दछु। धन्यवाद।

(१२:५९ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य मोहम्मद खालिद।

(१२:५९ बजे) **माननीय श्री मोहम्मद खालिद (जनता समाजवादी पार्टी नेपाल)**:- सम्माननीय अध्यक्षज्यू, वर्षायाम सुरु भयो जस्तो लाग्छ। बाटोघाटोको अवस्था एकदम दयनीय रहेको छ। पूर्व पश्चिम महेन्द्र राजमार्ग जुन चिनिया कम्पनीले पूर्वमा बनाइराखेको छ। दुईचोटी म्याद थपिदा पनि त्यसको कार्य सन्तोषजनक छैन। र बीपी राजमार्गको अवस्था पनि जीर्ण छ। गत वर्षको बाडीमा त्यो १३ किलोमिटर भन्दा बढी क्षतिग्रस्त भएको थियो। अबको वर्षामा

पूर्वका मान्छेलाई त्यो काठमाडौं वा आवतजावत गर्नु नै एकदम गाह्रो पर्ला त्यतातिर म भौतिक पूर्वाधार मन्त्रालयको ध्यान आकर्षण म गराउन चाहन्छु। धन्यवाद।

(१३:०० बजे) **<u>सम्माननीय अध्यक्षः</u>**- माननीय सदस्य युवराज शर्मा।

(१३:०१ बजे) **<u>माननीय श्री युवराज शर्मा (नेपाली काँग्रेस)</u>**:- ..........यो त म यहिले स्वीकार्य छु। यस्तो श्रमसँग कुरामा अलमल भएर र ढुलमुल भएर गणतन्त्र विरोधी तत्वलाई कसरी चुनौती दिन सकिएला। यसतर्फ सम्माननीय अध्यक्ष मार्फत सरकारको ध्यान आकृष्ट गराउँदै यसपालि पनि बर्षात अधिक भई बाढी पहिरोले धनजनको क्षति पुऱ्याउने सम्भावना बढ्दैछ यस सम्बन्धमा पनि सम्माननीय अध्यक्ष मार्फत सरकारको ध्यान आकृष्ट गराउँदै अहिलेदेखि नै सचेत र सक्रिय हुन आग्रह समेत गर्दछु। धन्यवाद।

(१३:०१ बजे) **<u>सम्माननीय अध्यक्षः</u>**- माननीय सदस्य राजेन्द्र लक्ष्मी गैरे।

(१३:०१ बजे) **<u>माननीय श्री राजेन्द्र लक्ष्मी गैरे (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>**:- सम्माननीय अध्यक्षज्यू, उडिसा राज्यको KIIT विश्वविद्यालयमा जुन चेलीको ज्यान गयो, जुन छोरीको ज्यान गयो यो विद्यार्थीको ज्यान मात्रै गएको होइन। यो चाहिँ दुर्व्यवहार हो। त्यहाँको विद्यालयले, त्यहाँको प्रशासनले उचित यसको छानबिन गर्नुपर्दछ। फ्रीमा पढाउँछु भनेर लोभ देखाएर फकाएको विद्यार्थीहरु मार्न पाइँदैन। यसको उचित छानबिन होस् भनेर माग गर्न चाहन्छु। र अर्को कुरा अ चाहिँ मैले गत दिनहरूमा पनि भन्ने गरेको थिएँ। हाम्रा बाटाघाटाका पुलहरू बगाएको छ, आवतजावत बन्द हुन्छ भनेर। अहिले साँच्चिकै काठमाडौंदेखि बुटवल जाने राजमार्गमा दाउन्ने साइडमा यातायात बन्द गरिएको छ। यसले बिरामी र आवतजावत गर्ने मान्छेहरूलाई ठुलो नोक्सानी पुऱ्याए (....समय सकिएको।)

(१३:०२ बजे) **<u>सम्माननीय अध्यक्षः</u>**- माननीय सदस्यहरू शुन्य समयमा बोल्नका लागि शुन्य समयमा माननीय सदस्यहरुले बोल्ने क्रम यहीं समाप्त हुन्छ। माननीय सदस्यहरु, सभाको आजको बैठकमा आकस्मिक र शुन्य समयमा माननीय सदस्यहरुले उठाउनुभएको भारतको उडिसा राज्य

स्थित Kalinga Institute of Industrial Technology (KIIT) मा अध्ययनरत छात्रा स्वर्गीय प्रिन्सा शाहको छात्रावासको कोठामा झुन्डिएको अवस्था मृत्यु भएको विषयमा सभाको गम्भीर ध्यानाकर्षण भएको छ। एउटै कलेजमा बारम्बार समान प्रकृतिका घटना घटिरहनु अत्यन्तै दुःखद पक्ष हो। नेपाल र भारत दुवै देशले कुटनैतिक माध्यम मार्फत यस्ता घटना दोहोरिरहनुपर्ने कारणको गहिराइमा गएर खोजी गर्न र आगामी दिनमा यस्ता घटना नघट्ने वातावरण बनाउन साथै यस घटनाको विषयमा निष्पक्ष रुपमा सत्य तथ्य छानबिन गरी यथार्थ अवस्था पहिचान गरी निज छात्रालाई उचित न्याय प्रदान गर्न नेपाल सरकारको ध्यानाकर्षण गराउँदछु। उक्त कलेजमा अधययनरत नेपाली छात्रछात्राले सुरक्षित र निर्भिकताका साथ अध्ययन गर्ने वातावरण बनाउन पनि सरकारलाई आग्रह गर्दछु। साथै आकस्मिक र शुन्य समयमा माननीय सदस्यले उठाउनुभएका अन्य कतिपय गम्भीर विषयमा समेत नियमावलीले तोकेको अवधिभित्र सभामा आई जवाफ दिन सम्बन्धित मन्त्रीको ध्यानाकर्षण गराउँदछु।

माननीय सदस्यहरु आजको बैठकमा विशेष समय नरहने व्यहोरा जानकारी गराउँछु। माननीय सदस्यहरु अब विकास आर्थिक मामिला तथा सुशासन समितिका माननीय सभापति कमला पन्तलाई दलित समुदायको अधिकार तथा विकास सम्बन्धमा कानुनी व्यवस्थाको आवश्यकता सम्बन्धी प्रतिवेदन, २०८१ माथि छलफल गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउँछु।

(१३:०६ बजे) <u>माननीय श्री कमला पन्त (सभापति, विकास, आर्थिक मामिला तथा सुशासन समिति)</u>:- सम्माननीय अध्यक्ष महोदय, नेपालको संविधान र राष्ट्रिय सभा नियमावली २०७५ बमोजिम गठित राष्ट्रिय सभामा रहेका चारवटा विषयगत समितिहरूमध्ये विकास आर्थिक मामिला तथा सुशासन समिति एक स्थायी विषयगत समिति हो। कसैलाई पछाडि नछाड्ने (Leaving No one Behind) भन्ने दिगो विकास लक्ष्यको मूल मर्मलाई आत्मसात गर्दै राजनीतिक आर्थिक सामाजिक एवं सांस्कृतिक रूपले पछाडि परेका वर्गको उत्थान र विकासका लागि सामाजिक न्याय र समानता कायम गरी सुशासन प्रवर्धनको दिशामा समितिले आफ्ना कारवाहीहरू सञ्चालन गरिरहेको छ।

अध्यक्ष महोदय, दलित समुदायका विभेद र उत्पीडनहरूको अन्त्य गरी समाजिक, आर्थिक, सांस्कृतिक, राजनीतिक समानता समृद्धि र समाजिक न्याय सुनिश्चित गर्ने सम्बन्धमा राष्ट्रिय सभामाबाट मिति २०७९/१२/८ गते स्वीकृत संकल्प प्रस्तावमा उल्लिखित विषयहरूको कार्यान्वयनको सम्बन्धमा निरन्तर अनुगमन एवम् अध्ययनको लागि समिति अन्त्यर्गत गठित संकल्प प्रस्ताव कार्यान्वयन अनुगमन उपसमिति क्रियाशील रहेको छ। राष्ट्रिय सभाबाट पारित दलितका सवाल सम्बन्धी सङ्कल्प प्रस्ताव कार्यान्वयन गर्नका लागि प्रस्तावित कार्ययोजना,२०८०, २०८५ तयार गरी कार्यान्वयनका लागि सम्बन्धित निकायहरूलाई निर्देशन समेत दिइएको छ। उक्त संकल्प प्रस्तावमा उल्लिखित विषयहरूको

कार्यान्वयनको सम्बन्धमा दलित समुदायका अधिकार तथा विकासको व्यवस्था गर्न कानुनी व्यवस्थाको आवश्यकताको लागि उपसमितिले सरोकारवालाहरूसँग निरन्तर वृहत् छलफल गरी समितिसमक्ष पेस गरेको मस्यौदा प्रतिवेदन उपर माननीय संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रीको उपस्थितिमा सम्बन्धित मन्त्रालयहरूसँग समितिको बैठकमा छलफल गरी परिमार्जनसहित दलित समुदायको अधिकार तथा विकास सम्बन्धमा कानुनी व्यवस्थाको आवश्यकता सम्बन्धी प्रतिवेदन, २०८१ पारित गरेको र उक्त प्रतिवेदन सम्मानित सभामा समेत पेस भइसकेको छ।

अध्यक्ष महोदय, नेपालमा दलितको अवस्था र सवालको बारेमा दलितको स्थिति दलित समुदायको जनसङ्ख्या १३ दशमलव लगभग १४% र लगभग ३९-४० लाख छ। सबैको जनसङ्ख्या घटेको छ अहिलेको अवस्थामा तर दलितको जनसंख्या वृद्धि भएको चार प्रतिशतमा लगभग ४ प्रतिशतमा वृद्धि भएको अहिलेको अवस्था छ। दलित साक्षरता ८३.८ प्रतिशत पछाडि ७५ पहाड तराईमा यसको पनि फरक छ। तराईको शिक्षित जनसङ्ख्या कम छ दलितहरुको। गरिबी गरिब राष्ट्रका २०.३ प्रतिशत छ भने देशभरिको गरिबी २०.३ प्रतिशत छ भने दलित समुदायको ३६ प्रतिशत छ गरिबीको अवस्था। भूमिविहीन दलित १३.६ प्रतिशत पहाडमा ३२.३ प्रतिशत तराईमा यो पहाडमा भन्दा धेरै छ ४१.४ प्रतिशत छ। निजामती सेवामा दलितको उपस्थिति जम्मा २.५०% छ। नीति निर्माण गर्ने संघीय संसदमा दलितको प्रतिनिधित्व ७.८% दलित समुदायको यो ८ प्रतिशत छ।

अध्यक्ष महोदय, नेपालको संविधानको धारा ४० मा उल्लिखित मौलिक हकको कार्यान्वयन शिक्षा र स्वास्थ्यमा पहुँच मौलिक हक पनि कार्यान्वयन हुन सकेको छैन। शिक्षा र स्वास्थ्यमा पहुँच परम्परागत सीप, ज्ञान, मौलिक कला र पेसाको संरक्षण उद्यमशीलता विकास जमिन र आवासको उपलब्धता सामाजिक अन्त्यर्घुलन छुवाछुत र विभेदको अन्त्य दलितको सशक्तिकरण र विकास राष्ट्रिय दलित आयोगको सवालीकरण गर्नुपर्ने अध्यक्ष महोदय दलित आयोग अहिले संवैधानिक आयोग हुँदाहुँदै पनि आयोगहरु नै अहिले चुस्त कार्यान्वयनमा छैन। नहुँदा नहुँदै दलित आयोग त झन् कमजोर अवस्थामा छ। दलित समुदायको अधिकार कार्यान्वयनमा नियमित अनुगमन तथा मूल्याङ्कन गर्नुपर्ने हाम्रो नियमन पनि कम भएको छ कि जस्तो कारबाहीमा पनि कमी कमजोरी छ कि जस्तो मलाई लाग्छ। संघीय तह दलित तथ्याङ्क राजनीतिक तथा नागरिक अधिकार आर्थिक सामाजिक र सांस्कृतिक अधिकार सामूहिक अधिकार संरचनागत भूमिका प्रदेश र स्थानीय तह राजनीतिक तथा नागरिक अधिकार आर्थिक सामाजिक र सांस्कृतिक अधिकार र समूहमा बाँच्न पाउने अधिकारबाट पनि दलितहरु बन्चित छन्। संरचनागत भूमिका पनि अलिकति चुस्त हुनुपर्‍यो। यसै प्रतिवेदनअनुरूप दलित विकास विधेयक चालु अधिवेशनमा नै अगाडि बढाउने र दलित विकास प्राधिकरण गठन गरी प्रभावकारी कार्यान्वयनमा ल्याउनको लागि हामीले

प्रतिवेदनमा सरकारलाई बुझाएका छौं। प्रतिवेदन पनि संसदमा पनि पेस गरेका छौं। धेरै अगाडि नै र आज मेरो माग यो प्रतिवेदनलाई हाउसमा छलफल होस् भन्ने हो।

सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १५९ बमोजिम दलित समुदायको अधिकार तथा विकास सम्बन्धमा कानुनी व्यवस्थाको आवश्यकता सम्बन्धी प्रतिवेदन, २०८१ सम्मानित सभामा छलफल गरियोस् भनी म पेस गर्दछु। धन्यवाद।

(१३:१२ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू अब म दलित समुदायको अधिकार तथा विकास सम्बन्धमा कानुनी व्यवस्थाको आवश्यकता सम्बन्धी प्रतिवेदन, २०८१ माथि छलफल गरियोस् भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु।

माननीय सदस्यहरु यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस्।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस्।

"हुन्न" भन्ने आवाज सुनिएन। तसर्थ "दलित समुदायको अधिकार तथा विकास सम्बन्धमा कानुनी व्यवस्थाको आवश्यकता सम्बन्धी प्रतिवेदन, २०८१ माथि छलफल गरियोस्" भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु।

माननीय सदस्यहरु, अब दलित समुदायको अधिकार तथा विकास सम्बन्धमा कानूनी व्यवस्थाको आवश्यकता सम्बन्धी प्रतिवेदन, २०८१ माथिको छलफल प्रारम्भ हुन्छ। छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरूले आफ्नो आफ्नो नाम २ मिनेटभित्र अध्यक्षको ड्याससँगै बसेका सचिवालयका कर्मचारीहरुलाई उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछु। छलफलमा भाग लिने प्रत्येक माननीय सदस्यलाई ३ मिनेटको समय निर्धारण गरेको छु। सर्वप्रथम माननीय सदस्य पदम बहादुर परियार।

(१३:१४ बजे) <u>माननीय श्री पदम बहादुर परियार (नेपाली काँग्रेस)</u>:- सम्माननीय अध्यक्ष महोदय, आज मलाई एउटा खुशी पनि के लागेको छ भने सदनमा दलित समुदायको अधिकार संविधानमा नै व्यवस्था गरेको धारा ४४ मा व्यवस्था गरेको व्यवस्थालाई टेकेर सदनमा यस्तो प्रतिवेदन आएको छ। म यसमा असाध्यै खुशी छु। खास गरीकन यो प्रतिवेदन र यो विधेयक ल्याउनुपर्ने सन्दर्भमा हाम्रो संकल्प प्रस्ताव हामीले नै राष्ट्रिय सभाबाट पारित गरिसकेका छौं। धारा ४० मा नै संविधानले प्रष्टसँग नीतिगत व्यवस्था गर्नुपर्ने कुरा गरेको छ। सर्वोच्च अदालतले २०७७ सालमा नै निर्देशनात्मक व्यवस्था गरेको छ निर्देशन दिएको छ कि दलित समुदायको विकास र अधिकारको लागि कानुन बनाउनुपर्ने भनेर। त्यति मात्र होइन एउटा भनाइ छ जस्तो Justice delayed is justice denied. ढिलो न्याय दिनु भनेको न्याय नदिए सरह हो। तसर्थ दलित समुदायलाई छिटोभन्दा छिटो उनीहरुको विकास र अधिकारको लागि कानुन बनाउन आवश्यक छ भने १६ वटा कानुन बनिसक्दा खेरि पनि दलित समुदायको लागि मौलिक हकलाई कार्यान्वयन गर्ने कानुन नबन्नु यो असाध्यै दुखदायी छ। तसर्थ यो प्रतिवेदनलाई छिटोभन्दा छिटो पारित गरेर कानुनी प्रबन्धमा लिएर जानुपर्नेछ। प्रतिवेदनमा के छ भन्ने कुरा अघि माननीय सदस्यज्युले भनिसक्नुभएको छ। असाध्यै राम्रा व्यवस्थाहरु प्रतिवेदनमा र प्रस्तावित ऐनमा ल्याइएको छ। म त्यसतर्फ जान चाहिनँ। २/३ वटा विषयहरु जुन प्रतिवेदनमा समेट्नुपर्ने थियो त्यसलाई छलफलमा ल्याउन चाहन्छु। खासगरीकन दलित समुदाय एउटा असाध्यै Diversified एउटा Group हो। त्यहाँभित्रको लिङ्ग जात त्यहाँभित्रको वर्ग, त्यहाँभित्रको अपाङ्गता लगायतको जुन एउटा फरक फरक समुदाय, वर्गहरु छ। त्यसलाई पनि समेट्ने गरेर कानुन बनाउन आवश्यकता छ। खासगरीकन दलित समुदायमाथि हुने विभेदको मूल स्रोत भनेको समाजमा रहेको अन्धकार र समाजमा रहेको कुरीतिहरु हुन्। त्यसलाई हटाउनेतर्फ दफा ४७ मा व्यवस्था गरिएको छ तर यो असाध्यै फितलो तरिकाले व्यवस्था गरिएको छ। यसलाई अलि विस्तृत रुपमा अगाडि बढाउनुपर्ने देखिन्छ। दलित समुदायलाई सांस्कृतिक र धार्मिक रुपमा पनि विभेद गर्ने गरिएको छ। त्यसको लागि छुट्टै प्रबन्ध यो प्रतिवेदनमा र प्रस्तावित विधेयकमा राखुपर्ने देखिन्छ। तसर्थ अन्त्यमा म नेपाल सरकारले छिटो भन्दा छिटो यही नीति तथा कार्यक्रममा सो तीनवटा ऐन बनाउँछु मात्र हैन प्लस एउटा ऐन दलित समुदायको विकास र अधिकारको लागि पनि ऐन बनाउँछौं भनेर नीति तथा कार्यक्रममा पनि राखियोस्। यसलाई प्राथमिकता दिइयोस्। यति भनेर मेरो भनाई अन्त्य गर्न चाहन्छु। हवस्त् धन्यवाद।

(१३:१७ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य सुमित्रा वि.सी.।

(१३:१७ बजे) **माननीय श्री सुमित्रा वि.सी. (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष, महोदय दलित समुदायको अधिकार तथा विकास सम्बन्धी कानूनी व्यवस्थाको आवश्यकता सम्बन्धी प्रतिवेदन, २०८१ प्रस्तुत भएको छ। र यहाँभित्र थुप्रै कुराहरू लिपिबद्ध गरेर उपसमितिले गरेर समितिमा दियो सम्बन्धी सरोकारवालाहरुसँग छलफल गऱ्यो। र यसलाई दलितका अधिकारका बारेमा माननीयज्युहरुले भनिसक्नुभएको छ- हामीले संकल्प प्रस्ताव पनि पास गरिसकेका थियौं। र आज फेरि यो प्रतिवेदनमाथि छलफल गरेर यो प्रतिवेदनमा अझै नआएका कुराहरु थप्न पनि सकिने गरी र दलितका अधिकारहरु जुन संविधानको धारा ४० ले दिएको मौलिक हकका कुराहरु छन्। ती कार्यान्वयनका निम्ति सपोर्ट होस् भनेर यो छलफल हामी अझै गहन ढंगले गरिरहेका छौं। र हिंजोका शासहरुले जतिबेला राजा र रैती भन्ने बेलामा दलितलाई कामको बाँडफाँड गरेको थियो।र अप्ठ्यारा कामहरु दलितको जिम्मा लगाउने र व्यवहारमा एउटा मान्छेको व्यवहारसम्म नगरेर छोइछिटो गर्ने जुन खालको चलन थियो। जब देशमा प्रजातन्त्र आयो। प्रजातन्त्र हुँदै लोकतान्त्रिक गणतन्त्र अहिले संघीय लोकतान्त्रीक गणतन्त्र आइसकेपछि पनि यो थुप्रै अधिकारहरु भइसकेका छन्। अझै सम्पूर्ण अधिकारहरु पूर्ण गर्नका निम्ति हामी सबै एकमत भएर लागि राखेका छौं। यहाँ कोही तल्लो जात र माथिल्लो जात नभएर मानव जाति भएर बाँच्नका निम्ति हामी जुन ढंगले लागेका छौं। यसलाई यो जुन प्रतिवेदन आएको छ यसलाई मैले समर्थन गर्दै अझै यसमा गहन छलफल होस् र संविधानमा भएका विषयहरु पनि कार्यान्वयन हुन् भन्दै आफ्ना भनाईहरु टुङ्ग्याउँछु। हवस्त् धन्यवाद।

(१३:१९ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य गोपी बहादुर सार्की आछामी।

(१३:१९ बजे) **माननीय श्री गोपी बहादुर सार्की आछामी (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र**:- सम्माननीय अध्यक्ष महोदय, आर्थिक विकास मामिला तथा सुशासन समितिको तर्फबाट दलित समुदायको अधिकार तथा विकास सम्बन्धमा कानुनी व्यवस्था र आवश्यकता सम्बन्धी प्रतिवेदन पेश गर्नुभएको छ माननीय सभापतिज्यूले। म माननीय सभापतिज्यू समितिका सबै साथीहरूलाई मेरो आफ्नो तर्फबाट, पार्टीको तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु। यो असाध्यै आवश्यक महत्त्वपूर्ण र ऐतिहासिक पनि छ। दलित समुदाय भनेको आधारभूत रुपमा ऐतिहासिक रूपमा सर्वहारा वर्ग अथवा श्रमजीवी वर्गको रूपमा लिन सकिन्छ र यो समाज व्यवस्थाले जात व्यवस्थाले र हिजोको जुन पुरानो परम्परागत राज्य व्यवस्थाले जसरी कामको आधारमा श्रमको विभाजनको आधारमा जुन सामाजिक रूपमा विभेद गरिएको छ र यो विभेदको

अन्त्यको आवश्यकता छ। यदि समाजलाई अगाडि बढाउने हो भनेदेखि यो परिवर्तनलाई संस्थागत गर्ने हो भनेदेखि र समन्यायिक समाजको स्थापना गर्ने हो भनेदेखि यसको आवश्यकता छ। र जसरी यहाँ दलित सम्बन्धी एउटा ऐनको अथवा एउटा कानुनको आवश्यकता छ त्यो आवश्यकतालाई मध्यनजर गरेर हामीले धेरै चोटी विभिन्न तहका विशेषज्ञहरूसँग दलित अधिकारकर्मीहरूसँग र दलित राजनीतिककर्मी सबै साथीहरुसँग पनि बसेर हामीले पटकपटक छलफल गरेका थियौं बहस गरेका थियौं र समितिको तर्फबाट यो असाध्यै महत्वपूर्ण छलफल बहसको निम्ति भूमिका वातावरण र पहल कदमी उहाँहरुले लिइदिनुभएको थियो। अहिले एउटा प्रस्तावित खालको जुन एउटा ऐनको मस्यौदा पनि तयार अवस्थामा छ र यो तयार अवस्थामा भएको मस्यौदालाई मेरो आफ्नो तर्फबाट र म के भन्न चाहन्छु भने यो सरकारले नै प्रस्ताव गरेर एउटा विधेयक अगाडि बढाओस् र यसलाई कानुनी रूपमा अगाडि बढाउने हिसाबले कानुनलाई पूर्णता दिने हिसाबले अगाडि बढोस् यदि सरकारले त्यो पहल कदमी लिँदैन र सरकारले त्यसप्रति चासो राख्दैन भने हामी राष्ट्रिय सभाको तर्फबाट राष्ट्रिय सभाले निजी बिलको रूपमा पनि यसलाई अगाडि बढाउनुपर्छ र नेपालमा भएका करिब ४० लाख दलितहरु जो समाजको पिँधमा छन्। अन्याय अत्याचार र उत्पीडनमा छन्। त्यो उत्पीडित समुदायको अधिकारलाई संस्थागत गर्ने र सुनिश्चित गर्ने भूमिकामा राज्य सरकार र हामी सबै रहनुपर्छ भन्ने विषय राख्न चाहन्छु र यो जुन एउटा प्रतिवेदन पेश गर्नुभएको छ। यो प्रतिवेदन पेस गर्नु हुने माननीय सभापतिज्यु र समितिलाई मेरो आफ्नो तर्फबाट धन्यवाद व्यक्त गर्दै मेरो भनाई अन्त्य गर्न चाहन्छु। हवस्त् अभिवादन, नमस्ते।

(१३:२२ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य युवराज शर्मा।

(१३:२२ बजे) <u>माननीय श्री युवराज शर्मा (नेपाली काँग्रेस)</u>:- सम्माननीय अध्यक्ष महोदय, विकास आर्थिक मामिला तथा सुशासन समितिद्वारा प्रस्तुत दलित समुदायको अधिकार व्याप्त समस्या समाधान एवम् विकास सम्बन्धमा कानुनी व्यवस्थाको आवश्यकता सम्बन्धी प्रतिवेदन, २०८१ ले दलित वर्गलाई समाजको र राष्ट्रिय विकासको मुख्य धारामा समाहित गर्न नीतिगत एवम् कानुनी व्यवस्था संस्थागत गर्न संरचनाको आवश्यकता रुपान्तरकारी सुधार एवम् आ.व.२०८१/०८२ मा नीति, कार्यक्रममा भएको सम्बोधन सहित जातीय भेदभाव तथा छुवाछुतको अन्त्य सम्बन्धमा एउटा सकरात्मक दृष्टिकोंण प्रस्तुत गर्न प्रतिवेदन सफल भएको देखिन्छ। छुवाछुत तथा भेदभाव अन्त्य सम्बन्धमा कानुनी व्यवस्थाको आवश्यकतालाई हृदयङ्गम

गर्दै यस सम्बन्धमा सर्वोच्च अदालतको निर्देशनलाई समेत समेटेको देखिन्छ।सङ्गित कलाकार, शिल्पकार, कवि, गीतकार र संगीतलाई परम्परागत रुपमा विज्ञता हासिल गर्न सफल सीपद्वारा सुसज्जित वर्गलाई १०००औं वर्षदेखि तल्लो वर्ग, खुट्टाबाट उत्पन्न भनी उपहास, अवहेलना, शोषण र विभेद हुँदै आएको छ। यसको अन्त्य नगरी समाज र देशको न विकास सम्भव छ न रुपान्तरण। प्रतिवेदनले यस सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको मस्यौदासमेत प्रस्तुत गरेको छ। मस्यौदामा पनि दलित प्रतिनिधित्वका साथ सबै क्षेत्रमा दलित वर्गको सहभागीता सम्बन्धी अनिवार्य निशुल्क शिक्षा परम्परागत सीप विकास गरिब तथा भूमिहीन दलितको लागि आवासको व्यवस्थाका साथ शक्तिशाली राष्ट्रिय दलित विकास प्राधिकरणको व्यवस्था गरेको छ। जुन अत्यन्त समयसापेक्ष भएको ठान्दछु। वास्तवमा हिन्दु धर्म बाहुनवादी सोँचमा आधारित छ भन्नु अत्युक्ति नहोला। र त्यो मनुवादी चिन्तनलाई समेटेर अगाडि बढेको देखिन्छ। यस सोँचलाई परास्त गर्न ऋग्वेदको व्याख्या वा पुनर्व्याख्याको आवश्यकता छैन। बरु वैज्ञानिक र समाजवादी चिन्तनलाई प्राथमिक विद्यालयको तहदेखि शुरुदेखि पठनपाठन र अग्रसर हुनुपर्दछ। त्यसको साथै कठोर कानुन र विभेद गरेमा कठोर दण्डको व्यवस्था अनिवार्य छ। प्रत्येक राजनीतिक दल सामाजिक, संस्थाले कठोर संकल्प गरेर परिवर्तन गर्ने अग्रसर भएमा मात्र समाजको रूपान्तरण दलित उत्थान सम्भव छ। प्रस्तुत प्रतिवेदनमा समर्थन व्यक्त गर्दै प्रतिवेदनको सम्बोधन हुनु अनिवार्य देखिन्छ। धन्यवाद।

(१३:२५ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य जयन्ती देवी राई।

(१३:२५ बजे) <u>माननीय श्री जयन्ती देवी राई (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>:- सम्माननीय अध्यक्ष महोदय, दलित समुदायको विकास र अधिकारको सन्दर्भमा यो बनेको जुन कानुनको सन्दर्भमा यो प्रतिवेदन आएको छ जुन यो प्रतिवेदन प्रस्तुत गर्नुहुने म सभापतिज्युलाई धन्यवाद दिन चाहन्छु कमला पन्त माननीयज्युलाई। र यो प्रतिवेदनको माग सम्बोधन होस् हुनुपर्छ भन्ने पनि म भन्न चाहन्छु सरकारको ध्यानाकर्षण गर्न चाहन्छु र अहिले पनि यो जुन सामाजिक रूपमा सांस्कृतिक रूपमा, धार्मिक रूपमा, विभिन्न बहानामा जुन बनाइएको जबरजस्त कानुन बनाएर आज जुन एक किसिमको दलित समुदायलाई विभेद गरिन्छ यो एकदमै हामीलाई लजास्पद कुरा हो। त्यसकारणले यी कुराहरूलाई तुरुन्तै कानुन निर्माण गरेर हामीले खारेज गर्न पर्ने अवस्था आएको छ र उहाँहरुको जुन परम्परागत लोप हुँदै गइरहेको सबै कुराहरु जब जुन सीप उहाँहरूको त्यसलाई हामीले बिर्सिरहेका छौं। उहाँहरूको

अधिकारको त कुरै छोड्दिउँ। आज मौलिक हक उहाँहरू सम्मानपूर्ण बाँच्न पाउने अधिकार त परै जाओस् सबै कुराहरु वास्तवमा आज हामीले ध्यान दिनुपर्ने जरुरी छ। त्यसकारणले आजको यो युगमा पनि आज मान्छे मान्छेमा पनि एकदमै विभेद गरेर छुनै हुँदैन उनीहरुले छोएको खानै हुँदैन, उनीहरूसँग बस्नै हुँदैन भन्ने किसिमको र मन्दिरमा उनीहरु पस्नै हुँदैन यस्ता किसिमको जुन गलत भ्रमिक जुन सामाजिक मान्यताहरू छन् धार्मिक मान्यताहरु छन् अब यसको यस कुरा अब हामीले एकदमै कानुन ल्याएर उहाँहरुलाई ससम्मान ढङ्गले समाजमा बाँच्न पाउने र उहाँहरूलाई सामाजिक रूपमा स्थापित गर्ने खालका हामीले सोच्नुपर्दछ र म राज्यकै ध्यानाकर्षण गर्न चाहन्छु र यो प्रतिवेदनलाई साँच्चै अब सरकारले गहन ढङ्गले लिनुपर्दछ किनभने १३% जनसमुदाय भनेको कम ढंगले आँक्न हुँदैन। र उहाँहरुको हक अधिकारको आज सुनिश्चित गराउने जिम्मा सकेपनि राज्यको हुन्छ र संविधानले व्यवस्था गरेको जुन कानुन अनुसार आज कार्यान्वयन गर्नको निम्ति म सरकारको ध्यानाकर्षण गर्न चाहन्छु। धन्यवाद।

(१३:२७ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य जग प्रसाद शर्मा।

(१३:२८ बजे) **माननीय श्री जग प्रसाद शर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्षज्यू, माननीय सदस्यहरू आज यो विकास आर्थिक मामिला तथा सुशासन समितिका सभापतिले दलित समुदायको अधिकार तथा विकास सम्बन्धमा कानुनी व्यवस्थाको आवश्यकतासम्बन्धी एउटा प्रतिवेदन पेश गर्नुभयो। यो प्रतिवेदनमा खासगरी एकदम सार संक्षेपमा अगाडि ९ वटा बुँदाहरु र यो कानुन निर्माण गर्नुपर्छ भनेर ८ वटा परिच्छेद ५७ वटा बुँदाहरुमा एउटा प्रतिवेदन यहाँ पेश गरिएको छ। खासगरी श्रमको वास्तविक नेता दलित समुदाय हो। तर समाजमा एउटा लामो समयदेखि अछुत भनेर घोषणा गरिएको छ। जसले यो समाज निर्माणमा, राज्य निर्माणमा महत्वपूर्ण भूमिका खेल्यो। त्यसलाई अपहेलना गर्ने उपेक्षित गर्ने र त्यसलाई अछुत घोषणा गर्ने २१औं शताब्दीको यो जमानामा आउँदाखेरि पनि। यसले राज्य बन्ने यो समाज बन्ने र यो समाज सभ्यतातिर अगाडि जाने कुराको मुख्य बाधक बन्छ। तसर्थ यो समस्यालाई समाधान गर्नका निम्ति यो प्रतिवेदनमा केही कुराहरु आएका छन् खासगरी यो संविधानले जे कुरा सुनिश्चित गरेको छ। यो संविधानलाई कार्यान्वयन गर्नका निम्ति। यो छुवाछुतको समस्यालाई अन्त्य गर्न कानुन नबनाइकन हुँदैन भन्ने कुरा ठहर गरेर यो प्रतिवेदन पेश भएको छ। यो प्रतिवेदनमा म केही सुझावहरू राख्न चाहन्छु। खासगरी यो कानुन बनाइरहँदा राज्यले यो कानुन बनाइरहँदा खासगरी एउटा सामाजिक अन्त्यर्घुलन यसलाई अन्त्य

छुवाछुतलाई अन्त्य गर्नका निम्ति एउटा पहिलो, हामीले ध्यान दिने कुरा के हो भने सामाजिक अन्त्यर्घुलनको कुरा हो। दोस्रो, यो समाजमा एउटा आरक्षण दिने भन्ने छ यो आरक्षणले समस्या समाधान गर्दैन यो आरक्षण भनेको दया कसैसँग थियो र दया गरेर अर्कालाई दिने भन्ने अर्थ लाग्छ। त्यसैले आरक्षण होइन विशेषाधिकारको व्यवस्था गरिनुपर्छ। तेस्रो, समाजलाई छुवाछुत मुक्त समाज निर्माण गर्ने प्रक्रिया तल टोल वडा पालिका जिल्ला प्रदेश हुँदै सिंगो देशमा छुवाछुत मुक्तता सैद्धान्तिक हिसाबले भएको छ तर कानुनको अभावका कारणले त्यो कार्यान्वयन भएको छैन। यसलाई अगाडि बढाउनुपर्छ। अर्को दलित प्राधिकरणको Concept अगाडि जुन ल्याइएको छ यसलाई कानुनमा सुनिश्चित गर्ने र यसलाई कार्यान्वयन गर्ने ढंगले लिनुपर्छ र पाँचौ, कुरा भनेको दलित पहिचान र सम्मान र प्रोत्साहन गर्ने एउटा संस्कार बसालेर मात्रै अगाडि बढाउन सकिन्छ तसर्थ यो प्रतिवेदन कानुन निर्माणका निम्ति एउटा महत्वपूर्ण चिज हो। महत्वपूर्ण यसले एउटा Feedback दिन्छ र सरकारले तत्काल यो कानुन निर्माण गर्नका निम्ति अगाडि ल्याओस्। नत्र राष्ट्रिय सभाबाट जसरी गोपी बहादुर माननीयले अगाडि जे राख्नुभयो Private Bill का रूपमा कानुन निर्माणका निम्ति यसलाई अगाडि बढाउनुपर्छ भन्ने कुरा मेरो आफ्नो धारणा राख्न चाहन्छु। धन्यवाद।

(१३:३१ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य तुलसा कुमारी दाहाल।

(१३:३१ बजे) <u>माननीय श्री तुलसा कुमारी दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>:- सम्माननीय अध्यक्ष महोदय, दलित समुदायको अधिकार तथा विकास सम्बन्धी कानुनी व्यवस्थाको आवश्यकता सम्बन्धी प्रतिवेदन जुन सभामा आएको छ। म यसलाई समर्थन गर्न चाहन्छु। नेपालको संविधान २०७२ को धारा ४० मा दलित समुदायको हकलाई सुनिश्चित गरेको छ भने धारा २४ ले छुवाछुत तथा भेदभाविरुद्धको हकको व्यवस्था छ। धारा ४२ ले सामाजिक न्याय अन्त्यर्गत समावेशी सिद्धान्तको आधारमा राज्यको निकायमा सहभागिताको हकलाई सुनिश्चित गरेको छ। राष्ट्रिय सभाले २०७९ भाद्र ३ गते १९ बुँदे सङ्कल्प प्रस्ताव पनि दर्ता गरेको थियो र सो प्रस्तावमाथि छलफल हुँदा तत्कालीन प्रधानमन्त्रीले २०७९ चैत्र ८ गते प्रतिबद्धता पनि व्यक्त गर्नुभएको थियो। जातीय छुवाछुत तथा भेदभाव कसुर सजाय ऐन, २०६८ कार्यान्वयनको अवस्थामा छ। इतिहासको कालखण्डमा र अहिले पनि दलित समुदायको ज्ञान, सीप, कला, प्रविधि, संस्कृति विधाका धनी छन्। पृथ्वीनारायण शाहले नेपाल राज्यको एकीकरणको क्रममा २४ राज्यहरू मध्ये एक राज्यको राजा सार्की समुदायका थिए र पछि

उनका सन्तानले आफूलाई मग्राती भन्न थालेको भन्ने इतिहास रहेको छ। नेपालले जातीय भेदभाव विरुद्धको महासन्धि, १९६६ लाई अनुमोदन गरिसकेको छ नेपालले र यो ३५ वर्ष बितिसकेको छ।समाजको विकासक्रमको परिभाषा र कार्यका पेशाहरु बदलिएका छन् अहिले। मूलतः जातीय भेदभाव र छुवाछुतको सवाल भनेको सामाजिक न्यायको सवाल हो। विगतमा दलित समुदायले मात्रै गर्ने र गर्दै आएको पेसालाई जीविकोपार्जनको निम्ति र आयआर्जनको निम्ति अहिले अरु समुदायले पनि अपनाइरहेको पाइन्छ।दलित समुदायको बसाइको अवस्थालाई हेर्दा भूगोल, सामाजिक, धार्मिक र सांस्कृतिक अवस्थाका कारणले एकै प्रकारको जीवनशैली छैन। दलित समुदायभित्र पनि वर्ग रहेको छ।आन्तरिक छुवाछुत पनि उत्तिकै मात्राम छ।आम रुपमा भिराला जमिन खोलाका किनार, सडक छेउ, पोखरीका डिलजस्ता सुविधा विहिन ठाउँहरूमा बसोबास भएको पाइन्छ दलित समुदायको ।२०७८ को जनगणनाले दलितको जनसङ्ख्यामा ६० लाख देखाए पनि केही दलित समुदायहरु छुटेको र केही जातहरु हराएको भन्ने छ। अघिल्ला वर्षहरुमा नीति र कार्यक्रममार्फत दलितको सशक्तीकरण, पेशा, व्यवसाय प्रवर्धन गर्ने गरी केही रकमहरु पनि विनियोजन गरेको पाइन्छ र अहिले यो प्रतिवेदनले राष्ट्रिय दलित प्राधिकरण गठन गर्ने आवश्यक ठानेर ठहर्याएको छ। नेपाल सरकारको विगतमा अन्तयर जातीय विवाहलाई पनि प्रोत्साहन गरेर केही सहयोगहरु पनि गरेको थियो र नेपाल सरकारको गृह मन्त्रालयले नागरिकतामा भएका अपशब्द र अपमानित शब्दलाई सच्याउनेको निर्देशन गरेको थियो र सच्याएको पनि थियो। यो २०७४ मा राष्ट्रिय दलित आयोगको स्थापना सञ्चालन गरिएको छ जसले दलित सम्बन्धी तथ्यांकलाई व्यवस्थित गरेको छ जातीय भेदभाव तथा छुवाछुतको सवाल केवल दलित समुदायको मात्र नभएर नेपाली समाजको सवाल हो। वर्षौं देखि जरा गाडेर रहेको विभेदकारी जुन प्रस्ताव छ यसको अन्त्य गर्ने विषयको सवाल पनि थियो। विकास आर्थिक मामिला तथा सुशासन समितिले दलितको अधिकार तथा विकासको लागि एउटा अलग्गै कानुनको व्यवस्था गर्नको निम्ति प्रतिवेदनमार्फत सरकारलाई सम्झाएको छ।

(१३:३४ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य भुवन बहादुर सुनार।

(१३:३४ बजे) <u>माननीय श्री भुवन बहादुर सुनार (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>:- सम्माननीय अध्यक्षज्यू, नेपालको इतिहासमा केही समय अगाडि एउटा फौजदारी ऐन निर्माण भयो। त्यो फास्ट ट्र्याकबाट जातीय छुवाछुत भेदभाव कसूर सजाय ऐन, २०६८ थियो। त्यसपछि ऐनको रूपमा पहिलो पटक यो प्रतिवेदनले माग गरेको छ। किन त? भन्दा नेपालमा

यो समुदायलाई केन्द्रमा राखेर कार्य गर्ने कुनै पनि सङ्घसंस्थाहरू नभएको र भएका यो गठन आदेशबाट निर्माण भएका दलित विकास समिति, वादी विकास बोर्ड र पिछडा वर्ग लगायतका ती संस्थाहरु पनि निष्प्रभावी भइसकेको र यस्तो अवस्थामा राष्ट्रिय दलित आयोग भन्दा अरू नभइरहेको बेलामा यो संस्था निर्माण गर्नपर्छ भनेर संकल्प प्रस्ताव राष्ट्रिय सभाबाट स्वीकृति भइसकेपछि त्यसैको क्रममा संविधानको धारा ४० लाई केन्द्रमा राखेर निर्माण भएको निर्माण गर्नलाई यो प्रतिवेदनले माग गरेको छ। यो प्रतिवेदनले एक त यो समुदाय दलित समुदायको परम्परागत मौलिक ज्ञान, सीप, कला, प्रविधि र पेसाको उनीहरूकै शैली ढाँचा र उनीहरूले अपनत्व ग्रहण गर्ने गरी प्रयोग र संरक्षण विकास गर्न छुट्टै ऐन आवश्यक छ।एकीकृत ऐन निर्माण गर्न आवश्यक छ भनेर जोडदार रुपले उठाइराखेको छ। त्यस्तै गरेर विद्यमान नीति तथा कानुनी व्यवस्था पनि त्यतिकै नै छ। किनभन्दा अहिलेसम्म भएका गठन आदेशबाट बनेका संस्थाहरू विघठनको अवस्थामा रहेकोले गर्दा एउटा सशक्त रूपमा कार्य गर्ने विकास प्राधिकरणसहितको दलित अधिकार र विकास ऐन आवश्यक छ। त्यो ऐन चाँडोभन्दा चाँडो विधेयकका रूपमा सदनमा प्रस्तुत होस् भनेर सरकारसँग माग गर्दै यसको संरचनाको स्थापना गर्ने र राष्ट्रिय दलित विकास प्राधिकरण सहितको कार्यान्वयनको लागि यो ऐन निर्माण हुनुपर्छ। र संकल्प प्रस्तावले त्यही माग गरिरहेको छ। त्यसका साथै संविधानको धारा ४० को मौलिक हक यो तीन वर्षभित्रमा बनिसक्नुपर्ने। (समय सकियो)...

(१३:३७ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्य तुल प्रसाद विश्वकर्मा।

(१३:३७ बजे) **माननीय श्री तुल प्रसाद विश्वकर्मा (राष्ट्रिय जनमोर्चा):-** सम्माननीय अध्यक्षज्यू, दलित समुदायको अधिकार तथा विकास सम्बन्धमा कानुनी व्यवस्थाको आवश्यकता सम्बन्धी प्रतिवेदन यहाँ प्रस्तुत भएको छ। उहाँलाई म सभापतिज्यूलाई धन्यवाद दिन चाहन्छु। यो अत्यन्तै आवश्यकीय चिज थियो र आजभन्दा धेरै पहिले नै आउनुपर्ने कुरा हो।संविधानको धारा ४० लाई व्यवहारमा कार्यान्वयन गर्नको लागि जुन ऐनको आवश्यकता थियो। त्यो ऐनलाई निर्माण गर्नको लागि यो प्रतिवेदनमा आएको छ भन्ने मैले महशुस गरेको छु। र छिटो भन्दा छिटो यो प्रतिवेदनलाई स्वीकार गरेर जुन ऐन धारा ४० लगायतका दलितहरुको हक अधिकार र उनीहरुको अधिकारलाई लागु गर्नको लागि बनेका कानुन र नियमहरूलाई व्यवहारिक रूप दिनको लागि जुन ऐन निर्माण गर्नुपर्ने हो त्यसलाई सहयोग गर्छ भन्ने म ठान्छु र यो पहिलो कुरा मैले के यहाँ अनुरोध गर्न चाहे भने यो कानुन सरकारमार्फतले सरकारले

आफ्नो पहलमा सरकार मार्फतै आओस्। र उसले यो कानुन निर्माण गर्नमा पहल गरोस्। यो हाम्रो पहिलो प्राथमिकता हो। यदि सरकारले यो नियम यो कानुन निर्माण गर्न चाहन्न र अझै पनि यसलाई आलटाल गरेर समय गुजार्न चाहन्छ भने हामी फेरि यसलाई यो राष्ट्रिय सभा मार्फत नै हामीले अलग तरिकाले हामीले गैर सरकारी विधेयकको रुपमा हामीले अगाडि बढाउने कुरो पनि यहाँ मैले राख्न चाहन्छु र अन्त्यमा म के भन्छु भने यो जुन आउनुपर्ने कुरा हो यो सही समयमा आएको छ र सम्माननीय अध्यक्षज्यूबाट यसको कार्यान्वयनको लागि सहि तरिकाले रुलिङ हुनेछ भन्ने कुरा पनि मैले आशा गर्दछु। धन्यवाद।

(१३:३९ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य रेनु चन्द।

(१३:४० बजे) **माननीय श्री रेनु चन्द (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्षज्यु, "मान्छे मान्छे एउटै हो नि फरक किनभो श्रम चल्छ सीप चल्छ पानी नचल्ने भो"। भन्ने सामाजिक भेदभावबाट मुक्त गर्न र नेपाली समाजका श्रमजीवी वर्ग दलित वर्ग परम्परागत श्रम सीपका संरक्षकका रूपमा रहे आएका दलित समुदायको हक अधिकार कार्यान्वयनका लागि ढिला भइसकेको छ। विकास, आर्थिक मामला तथा सुशासन समितिले प्रस्तुत गरेको यो प्रतिवेदन दलित समुदायको अधिकार तथा विकास सम्बन्धमा नेपालको संविधानले प्रत्याभूत गरेको अधिकार विद्यमान कानुनहरू, १६औं योजना चालु बजेट एवम् संवैधानिक निकायहरूको प्रतिवेदन राजनीतिक दलको घोषणापत्र र विज्ञको राय सुझावहरू समेत अध्ययन गरी कानूनी व्यवस्थाको लागि प्रस्तावित विधेयक मस्यौदा तयार गरिएको छ भनेर लेखिएको छ। यसको मूल स्पिरिटसँग म सहमत छु। नेपालको संविधानको धारा २४ तथा धारा ४० द्वारा प्रत्याभूत हकहरूका प्रभावकारी कार्यान्वयन हुन नसकेको स्थिति छ। धारा ४० मा उल्लेखित अधिकारको उल्लङ्घन हुने गरी प्रदेश र स्थानीय तहमा कानुन ऐन बनिरहेको अवस्था छ। उदाहरणको लागि निःशुल्क शिक्षासम्बन्धी जे व्यवस्था संविधानमा गरेको छ त्यो तल तल जाँदाखेरि त्यति नै विकृत तरिकाले अगाडि बढिरहेको देखिन्छ। संविधान संशोधनको कुरा चलिरहँदा संविधान जारी भएको ३ वर्षभित्र बनाउनुपर्ने कानुन अहिलेसम्म नबन्दा संविधान त लागु नै भएको रहेनछ भन्ने कुरा पुनः उजागर भएको छ। गणतन्त्र स्थापनाका लागि सुरु गरिएको जनयुद्धको पहिलो बलिदान दिने दिलबहादुर रम्तेलप्रति उच्च सम्मान व्यक्त गर्दै विभेद मुक्त राष्ट्र निर्माणका लागि सरकारले गम्भीर कदम चाल्नेछ भन्ने ध्यानाकर्षण पनि सरकारको गराउन चाहन्छु। संविधानले दिएको अधिकार सरकारको नीति तथा कार्यक्रममा उल्लेख

अधिकारहरू कार्यान्वयनका लागि पनि राष्ट्रिय दलित विकास प्राधिकरणको व्यवस्था र गठन जरुरी भएको देखिन्छ। समितिको सभापति र सदस्यहरुलाई म धन्यवाद दिन चाहन्छु र समितिले प्रस्तुत गरेको प्रतिवेदनको म समर्थन गर्दछु। धन्यवाद।लाल सलाम।

(१३:४२ बजे) <u>सम्माननीय अध्यक्ष</u>ः- माननीय सदस्य मदन कुमारी शाह (गरिमा)।

(१३:४२ बजे) <u>माननीय श्री मदन कुमारी शाह "गरिमा" (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>ः- सम्माननीय अध्यक्षज्यू, आर्थिक विकास, मामिला तथा सुशासन समितिको तर्फबाट समितिका सभापति मान्ने कमला पन्तजीले दलित समुदायको अधिकार तथा विकास सम्बन्धी कानुनी व्यवस्थाको आवश्यकता सम्बन्धी प्रतिवेदन, २०८१ प्रस्तुत गर्नुभएको छ। प्रतिवेदनले औंल्यायका विषय र सुझाव प्रति म पूर्णता समर्थन व्यक्त गर्दछु।

सामान्य अध्यक्षज्यू, हामीसँग संविधान छ हामीले त्यो संविधानमा टेकेर धेरै कानुनहरू प्रावधानहरू पनि व्यवस्था गरेका छौं। हामीले यही सभाबाट २०४९ चैत्र महिनाको ८ गते दलित सम्बन्धी पहिलो संकल्प प्रस्ताव पारित पनि गरेका छौं। संविधानको मौलिक हक र कर्तव्य अन्तर्गत धारा २४ ले छुवाछु तथा भेदभाव विरुद्धको हक तथा धारा ४० ले दलितको हक सुनिश्चित गरेको छ। जातीय भेदभाव तथा छुवाछुतको अन्त्य गरी समानतामा आधारित समुन्नत समाज निर्माणको उद्देश्य बोकेको जातीय तथा अन्य सामाजिक छुवसछुत तथा भेदभाव कसुर र सजाय ऐन, २०६८ हामीसँग छ। राष्ट्रिय दलित आयोग हामीसँग छ। राष्ट्रिय योजना आयोगको १६ औं योजनाले पनि जातीय छुवाछुत र भेदभावको अन्त्य गर्ने कुरा गरेको छ। यति धेरै संवैधानिक, कानूनी र नीतिगत प्रावधानहरू हुँदाहुँदै पनि हामीले भएका कानुन र व्यवस्थाहरूको पूर्ण त कारण गर्न सकेका छैनौं भन्ने मलाई लाग्छ। नभएकै कारण आज हामी छलफल गरिरहेका छौं। र कार्यान्वयन भए नभएको पनि प्रभावकारी अनुगमन छैन। त्यसको लागि पनि यो प्रभावकारी अनुगमनका लागि सरकारले यतातिर विशेष ध्यान दिनुपर्छ भन्ने मलाई लाग्दछ।

सम्माननीय अध्यक्षज्यू, म केही सुझावहरू दिन चाहन्छु। दलित समुदायभित्रको वर्गीकरण र विभेदलाई हटाउनको लागि पनि नीतिगत आवश्यकता छ। दलितहरुको शैक्षिक र आर्थिक सशक्तिकरणका लागि थप योजना र कार्यक्रम ल्याउन आवश्यक छ। अवसरमा थप प्राथमिकता दिनुपर्ने छ त्यसका लागि दलित उत्थान सशक्तिकरण र सबलिकरणका लागि थप

कानुनी व्यवस्था गर्नु आवश्यक छ र यो औँल्याएको दलित प्राधिकरण मार्फत यो हुन सक्छ भन्ने मलाई लागिरहेको छ।

साम्माननीय अध्यक्षज्यू, मानवको रूपमा हरेक मानिसले मर्यादित जीवन बाँच्न पाउनुपर्छ उसको अधिकार हो। र त्यस्तो सुखी जीवन, समृद्ध जीवन, स्वस्थ जीवन दिनु राज्यको कर्तव्य र दायित्व हो। र त्यसका लागि के नीतिगत व्यवस्था गर्नुपर्छ के कार्यक्रमिक व्यवस्था गर्नुपर्छ यो राज्यको दायित्व हो, राज्यले गर्नुपर्छ। त्यसकारणले म नेपाल सरकारसँग दलित समुदायको(.....समय सकिएको)।

(१३:४५ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य माया प्रसाद शर्मा।

(१३:४५ बजे) **माननीय श्री माया प्रसाद शर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, हामी एउटा महत्त्वपूर्ण विधेयक आउँछ भन्ने विषयसँग सम्बन्धित रहेर छलफल गरिराखेका छौं। विकास आर्थिक मामिला तथा सुशासन समितिले जुन प्रकारको एउटा प्रतिवेदन तयार गरेको छ र यो विधेयकको रुपमा आओस् भनेर भन्ने चाहना राखेको छ र व्याख्या विश्लेषण छलफल जसरी सो सुस्पष्ट ढंगले सभापतिजीले राख्नुभयो। म सभापतिज्यूलाई धन्यवाद दिन चाहन्छु। र हामी यो संविधान बनेको छ। संविधान अनुसार कानुन जरुरी हुन्छ। र कानुन बनायौं भने त्यसलाई लागू गर्ने हामी बानी परेका छौं। जस्तै विभिन्न अहिले दलित समुदायको प्रतिनिधित्व महिला समुदायको प्रतिनिधित्व जसरी संविधान सम्मत कानुसम्मत रहेको छ। त्यसरी नै अधिकारका निमित्त दलित समुदायको अधिकार पनि जरुरी देखिन्छ। किनभने उत्पीडित उपेक्षित वर्ग समुदायबाट उ आएको छ। जसले त्यसका हाँगाबिँगा रूढीवादी अन्धविश्वास र जुन प्रकारको गरिबी अभाव जे भएपनि यसको मूल जरो भनेको वर्गीयता हो। वर्गीयताको आधारमा हुने जुन प्रकारका असमानताहरू हुन्छन् यिनीहरूलाई हटाउन जरुरी छ। र विशेष गरेर समस्याको जुन प्रकारको जातीय समस्या छ त्यसले अहिले पनि पशुभन्दा कम महत्व राख्ने गरिन्छ। र त्यो हटाउनका निमित्त र त्यसलाई समान ढङ्गको अवसर दिनका निमित्त कानुनको जरुरी छ। र हामीले कानुनबाट जातीय बचाउ होइन त्यसको अन्त्य हो। जातीय अन्त्य हो। असमानताको अन्त्य हो। शोषणको अन्त्य हो। उत्पीडनको अन्त्य हो। त्यो बाट हामीले छलफल बहस गरिराखेका छौ जस्तो मलाई लाग्छ। यो सरकारी विधेयक बनोस् सरकारले यो जुन ल्याएको यो जुन समितिमार्फत आएको छ यो सरकारी विधेयक बनोस् र

सरकारले यसलाई आफ्नो अपनत्व कायम गर्ने गरी यो विधेयक सरकारी विधेयकको रूपमा परिभाषित गरोस्। यो सरकारको अवसर पनि हो। एउटा उत्पीडित वर्ग समुदायको ठूलो संख्यामा प्रतिशत करिब १४% जनसंख्या रहेको यो जनसमुदायहरूको निमित्त कानुनी अवसर दियो भने सरकारको एउटा गौरव पनि पर्छ। यदि सरकारले ल्याउन सकेन, ल्याएन अल्छी मान्यो, ल्याउन लोभ मान्यो वर्ग प्रतिबद्धता देखाएन भने हाम्रो राष्ट्रिय सभाले यसलाई एउटा गैरसरकारी विधेयकको रूपमा ल्याएर यसलाई पारित गर्दा उपयुक्त हुन्छ भन्ने जस्तो लाग्छ। यो हामीलाई राष्ट्रिय सभालाई अवसर नदेउ, सरकारी विधेयकको रूपमा ल्याओस्। धन्यवाद।

(१३:४९ बजे) <u>सम्माननीय अध्यक्षः</u>- माननीय सदस्य विष्णु कुमारी सापकोटा।

(१३:४९ बजे) <u>माननीय श्री विष्णु कुमारी सापकोटा (नेपाली काँग्रेस)</u>:- सम्माननीय अध्यक्षज्यू, विकास, आर्थिक मामिला तथा सुशासन समितिका माननीय कमला पन्तज्यूले धेरै मेहनत गरेर प्रतिवेदन तयार गर्नु भएको छ। वास्तवमा हाम्रो संविधानले दलितहरूको हकमा संविधानको धारा ४० ले दलितका हक सम्बन्धी कुरा गरेको छ भने २४ ले छुवाछुत विरुद्ध हकअधिकार सुनिश्चित गरेको छ। वास्तवमा अहिले सभापतिज्यूले तयार पारेको प्रतिवेदनमा पनि भनिएको छ। गैरदलितको सङ्ख्या घट्दै गर्दा दलितहरूको सङ्ख्या चार प्रतिशतले बढेको छ। अब यसलाई सुखद भन्ने या के भन्ने? यसले के जनाउँछ भने दलितहरू अझै पनि शिक्षा, स्वास्थ्य, राजनीतिक, सामाजिक, आर्थिक कुराहरुमा उहाँहरूको अझै पनि पहुँच पुगेको छैन। वास्तवमा यो दलितहरू मान्छेहरूको सृष्टि हुँदा भएको होइन यो त कुनै मान्छेहरूले बनाएको कुरा हो। न त हाम्रो धर्मले दलित भनेर छुट्याएको छ न प्रकृतिले छुट्याएको छ। प्रकृतिले त दुईजात मात्रै छुट्याएको छ। महिला पुरुष र कुनै पनि धर्मले पनि दलित र अन्य गैर दलित भनेको छैन। मेरो विचारमा दलित र ब्राह्मण भनेको चाहिँ आफ्नो कर्म हो। कर्मले गर्ने हो। राम्रो काम गर्ने राम्रो कर्म गर्ने दलित जातिका मानव पनि ब्राह्मण हुन सक्छन् र नराम्रो काम गर्ने ब्राह्मण जातिका मानवहरू पनि दलित हुन सक्छन् । तर आज यो सोच हामीले सबैभन्दा पहिला त हामीले सोचलाई परिवर्तन गर्न सक्नुपर्छ। हाम्रो व्यवहारलाई हामीले बदल्न सक्नुपर्छ। र हाम्रा दलित साथीहरुलाई एउटा मानव भएको प्रत्याभूति बनाउनको लागि अझै पनि हामीले यो जुन कानुनी व्यवस्थालाई यसलाई बलियो रूपमा अगाडि सारेर सबै मानव बराबर हो भन्ने तरिकाबाट हाम्रो समाजलाई नै सुधारेर अगाडि जबसम्म लान सक्दैनौं। उहाँहरुको सीप र कलाको हामीले संरक्षण अथवा सम्मान गर्नुपर्छ। र यो नेपाल सरकारले यसको लागि नेपाल सरकारको ध्यान जाओस् सम्माननीय अध्यक्षज्यू मार्फत सरकारको ध्यानाकर्षण गराउन चाहन्छु। धन्यवाद। जय नेपाल।

(१३:५१ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य राजेन्द्र लक्ष्मी गैरे।

(१३:५२ बजे) **माननीय श्री राजेन्द्र लक्ष्मी गैरे (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**:- सम्माननीय अध्यक्षज्यू, आज दलित समुदायको कानुन निर्माण गर्ने र कानुनी व्यवस्था गर्ने र मौलिक हकहरूलाई सुरक्षित गर्ने गरी जुन खालको प्रतिवेदन आएको छ यो प्रतिवेदनको म स्वागत गर्न चाहन्छु। हाम्रो समुदायमा हिजो हामीले सामन्ती समाजले गर्दा हाम्रो बीचमा विभेद जन्मियो भनेर हामी सबै सबै मान्छेहरूलाई जुनसुकै पेशा र काममा लागेको मानिसहरूलाई पनि सामन्ती समाजलाई मास्नु पर्दछ र सबैको सबैको न्याय हुन्छ भन्ने हामी लाग्यो हामीले त्यो आन्दोलनमा लाग्यौं र आज सबैको प्रयत्नबाट हामी संविधानमै विभेद गर्न नपाइने कुराहरू उल्लेख गरेर जाँदा पनि हाम्रो समुदायमा अझैं पनि भेदभावको सिकार हुन परेको छ। एउटा दलित समुदायको व्यक्ति मर्दा समेत मलामी नपाउने यो कस्तो दुःखको कुरा र हाम्रो समुदाय कस्तो समुदाय? एउटा आफैंसँग मन मिल्ने आफूलाई सुहाउने केटी विवाह गर्छु भन्दा नवराज वि.क. लगायत साथीहरूले ज्यान गुमाउनु पर्ने। यस्तो खालको समुदायमा हामी अहिले पनि छौं। र हिँजोको जुन सामन्ती संस्कार सामन्ती व्यवस्थाको अन्त्य भए पनि सामन्ती संस्कारको अन्त्य भएको छैन। यो समाजमा जगडिएर रहेको छ। कतै न कतै। कुरा गर्दा हामी सबै एउटा उत्तिकै अधिकार राख्छौं। कुरा गर्छौं तर पनि यो समाजमा जगडिएर रहेको त्यो सोचको अन्त्य गर्नको निम्ति यत्ति कै मुखले बोलेर हुँदैन। सरकारले कार्यक्रम बनाएर ल्याउनुपर्छ। र मात्र हुन्छ। कार्यक्रम बनाउँदा खेरीमा एउटा परम्परागत सीपहरूलाई हामीले promote गर्न सक्छौं। समुदायको सीपहरू हस्तान्तरण भएको छ। अझ विकास गर्नु पर्ने हुन्छ होला। अर्को कुरा यो अधिकारहरूलाई पूर्ण अधिकार सहितको कानुन आउनुपर्‍यो जसले गर्दाखेरीमा त्यो हतियार हुन्छ र त्यो हतियारले हामीले पछाडि परेको क्षेत्र, वर्गलाई माथि उठाउन सक्छौं। यो काममा सरकारको ध्यानाकर्षण होस्। र सम्माननीय अध्यक्षमार्फत सरकारको ध्यानाकर्षण गराउन चाहन्छु। र अन्त्यमा यो प्रतिवेदन यो दलित समुदायको मात्र होइन। यो नेपाल सरकारको सबैको हो। यसलाई हामी सबैले आफ्नो हो भनेर ग्रहण गर्नुपर्ने हुन्छ। यो साझा मुद्दा हो। साझा समस्या हो। कुनै व्यक्ति विशेषको समस्या होइन। यसको अन्त्यको निम्ति हाम्रो एकै खालको भावना, एकै खालको सोच, एकै खालको योजना भयो भने हामीले काम गर्न सक्छौं होला। आउने बजेटमा सम्बोधन भएर आओस्।

(१३:५५ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य राधेश्याम पासवान।

(१३:५५ बजे) **माननीय श्री राधेश्याम पासवान (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्षज्यू, विकास, आर्थिक मामिला तथा सुशासन समितिले दलित समुदायको अधिकार तथा विकास सम्बन्धमा कानुनी व्यवस्थाको आवश्यकता सम्बन्धी प्रतिवेदन, २०८१ संसदमा पेश गर्नुभएको छ। यो समितिको सभापति र सदस्यज्यूहरूलाई धेरै धेरै धन्यवाद दिन चाहन्छु। अध्यक्ष महोदय, यो प्रतिवेदनमा विषय सूचीमा एक देखि दशवटा बुँदा राखेको छ। यो बुँदाहरू अविलम्ब संविधानको मार्फत आओस भन्ने यो समितिको चाहना हो। र यही राष्ट्रिय सभामा हामीले संकल प्रस्ताव पनि पेश भएको थियो। र सङ्कल्प प्रस्ताव यो राष्ट्रिय सभाबाट सर्वसम्मत पारित भएको थियो। तर पारित हुँदा पनि कार्यान्वयन हुन सकेन। बिडम्बना हो कि कार्यान्वयन हुँदैन भनेर। अध्यक्ष महोदय, संविधान बनेको लगभग १० वर्ष हुन थाल्यो। संविधानमा लेखेको छ कि तिन वर्षभित्रमा कानुन बन्नुपर्छ। तर कानुन बन्दैन। कानुन नबन्ने कारण के हो त अध्यक्ष महोदय? किनभने यो कुनै पनि पार्टीलाई यो दलितको विषयमा चासो छैन। चासो यदि भएको भए संविधानको धारा २४ पनि लेखेको छ। र २४ मा तपाईंको छुवाछुत तथा भेदभावको हक सम्बन्धी अधिकार दिएको छ। तर कार्यान्वयन हुनमा कठिनाइ छ। किन कठिनाइ छ? जहाँ तहाँ पनि अहिले पनि जातीय विभेदका घटनाहरु घट्छन्। यसका लागि संसदमा आवाज उठाउनुपर्छ। तर जो कार्यान्वयन हुने संस्थाहरू छ। त्यो संस्थाहरु कार्यान्वयन गर्दैन्। र अहिले संविधानको धारा ४० मा एक देखि सातदेखि उपधाराहरू छन्। तर यो उपधाराहरूको कानुन बन्न सकेन किन बन्न सकेन भने हामीले यसलाई मतलब गरेको छैन। यो मतलबको लागि के भने कुनै पनि राजनीतिक दल यसमा गम्भीरता देखाएको छैन। यो यदि गम्भीरता भएको भए आज माननीयहरुले हाम्रा यो समितिका सभापति कमला पन्तज्यूले यो विकास, आर्थिक मामिला, सुशासन समितिबाट यो पेश गरेको जुन हाम्रो आजको जुन प्रतिवेदन हो यो पेश गर्नुपर्ने आवश्यकता थिएन। यसमा विधेयक समेत बनाइदिनु भएको छ। उहाँले यो विधेयक सम्बन्धी कसरी कानुन बन्नुपर्छ दलितको एकदेखि सातसम्मका धाराहरूमा तपाईंको टेकेर यो कानुन बनाएको छ। यदि वास्तवमा सरकारले यही अनुसार कानुन बनायो भने राम्रो हुन्छ तर सरकारको चासो छैन किनकि सरकारले धेरै कानुनहरू फास्ट ट्र्याकबाट पास गरेका छन्। धेरै कानुनहरू बनायो तर यो दलितको अधिकारको कानुनहरू मतलबै छैन। जति माननीयज्यूहरूले जे जे बोले पनि सरकारलाई कुनै वास्ता छैन। किनभने यो देखिराखेको उहाँहरूलाई के लाग्छ भने यस्तै बोल्छन्। यस्तै आउँछन्। दलितको अधिकारमा कुनै गम्भीरता दिने कुरा छैन हाम्रो सरकारलाई। त्यसकारणले यो म सर्वप्रथम त माननीय कमला पन्तज्यूलाई धेरै धेरै धन्यवाद दिन चाहन्छु। र उहाँको समितिलाई धेरै धेरै धन्यवाद दिन

चाहन्छु। कि उहाँले जुन प्रतिवेदन पेश गर्नुभो। यो एकदम राम्रो हो र मार्मिक हो। म यसलाई धेरै समर्थन गर्न चाहन्छु र सरकारको ..... (समय सकिएको)

(१३:५८ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य नारायण दत्त मिश्र।

(१३:५८ बजे) **माननीय श्री नारायण दत्त मिश्र (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, प्रतिवेदन आफैंमा धेरै राम्रो छ म यसलाई सम्मान गर्दछु। समस्या कहाँ छ भने हामीले समयानुसार कानुन परिमार्जन गर्न सकेनौं। पटकपटक जातीय कानुनहरू बनेका छन्। काठमाडौं उपत्यकाको लागि अन्तिममा जयस्थिति मल्लले फेरि कानुन दिएका थिए। यसरी इतिहास हेर्दै र पढ्दै जाने हो भने जातलाई पटकपटक संशोधन परिमार्जन गरिएको छ। २००७ साल भन्दा अगाडिसम्म पनि नेपालमा जातहरू परिवर्तन भएको इतिहास छ। यही यही हिसाबले जातीयता रहँदै गयो भने दक्षिण भारतमा अहिले पनि करिब ३००/४०० वर्ष अगाडि क्रिस्चियन भइसकेका मानिसहरू अहिले पनि जुन जातबाट क्रिस्चियन जो भएको थियो। सोही जातिसँग विवाहहरू गर्ने चलन छ। ब्राह्मणहरूले ब्राह्मणहरूसँगै गर्छन् विवाह। दलितहरूले दलितहरूसँगै गर्छन् जब कि उनीहरूले धर्म नै परिवर्तन गरिकन क्रिस्चियन भइसकेका छन्। तसर्थ, म भन्छु "जन्मत जायतले शुद्ध, कर्मस्य उच्चत द्विज" जन्मले हरेक मानिस सुद्र नै हुन्छ। कर्मले नै मान्छे बीचमा उक्लिन्छ। त्यो ब्राह्मण हुन्छ। तसर्थ मैले एउटा नयाँ कानुनको प्रारूप यो देशले एउटा क्रान्ति ल्यायोस् भनिकन एउटा प्रारूप दिन चाहन्छु। अब हामीले ब्राह्मण भनेका स्कुलमा पढाउने सबै टिचरहरु मन्दिरमा पूजा गर्ने मानिसहरू तिनीहरू ब्राह्मण जातका बनाउनुपर्छ। र जुन लडाईमा प्रहरी मिलेट्रीहरू आदि इत्यादिलाई त्यसलाई क्षेत्रीय जातिमा परिणत गर्नुपर्छ। र व्यापार आदि गर्ने मानिसहरूलाई त्यसलाई बैश्यमा परिणत गर्नुपर्छ। र राजनीति गर्ने राजनीतिक कार्यकर्ता यो कर्मचारीहरू सेवा भावनाबाट प्रेरित भएकाहरुलाई सूद्र जातिमा यसरी कन्भर्ट गरिकन् यसलाई अलि विकसित रूपमा अगाडि बढायौ भने तब मात्रै संसारमै जातीय प्रथा संसारमा जातीय प्रथा मानेका छन्। जातीय प्रथा उन्मुलन हुन सक्छ। त्यसकारणले त्यो उन्मुलनको लागि राष्ट्रिय सभा र यो हाम्रो नेपालले अग्रणी भूमिका खेल्नुपर्छ भनेर आफ्नो भावना आफ्नो विचार राख्दै बिदा हुन्छु। हवस् त धन्यवाद। जय नेपाल।

(१४:०१ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य विष्णु बहादुर विश्वकर्मा।

(१४:०१ बजे) **मानननीय श्री विष्णु बहादुर विश्वकर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, विकास, आर्थिक मामिला तथा सुशासन समितिले थुप्रै पटक अन्तरक्रिया गरेर छलफल गरेर यो प्रतिवेदन तयार गरेको छ आज हाम्रो सभापति माननीय कमला पन्तले प्रस्तुत गर्नु भएको छ। यस प्रति म स्वागत गर्न चाहन्छु र पूर्ण रुपमा समर्थन गर्दछु। सम्माननीय अध्यक्ष महोदय, नेपाल सरकारले अङ्गिकार गरेको हिन्दु धर्मले समाजभित्र सबैभन्दा बढी श्रम गर्ने सबै भन्दा बढी काम गर्ने मान्छेलाई नै सम्मान गरेको भए अथवा श्रमलाई सम्मान गरेको भए दलित समुदाय सबभन्दा ठूलो जाति हुन्थ्यो होला सायद। जसले अपमान सबभन्दा बढी काम गर्यो श्रम गर्‍यो देशलाई बनायो जसलाई परिचालन गर्यो र देशलाई जीवन्त दियो र देशको इन्जिनियरको रूपमा अगाडि बढ्यो त्यही समुदायलाई अपमान गर्यो। यसो हुँदाखेरि आजसम्म पनि यो गणतन्त्र स्थापना हुन्जेल सम्मन पनि दलित अधिकारले सुसम्पन्न भएको छैन। विडम्बना भनौं। मैले गन्दा ११/१२ १६ वटा ऐन बनेछन् तर दलित मौलिक हकको निमित्त एउटा पनि ऐन बनेन। यो संविधान जारी भएको १० वर्ष भएको छ। १० वर्ष भित्र पनि दलितको हकको निमित्त ऐन बनेन। केवल अन्तरिम कालमा बनेको कस्तो कसुर तथा सजाय ऐन बाहेक दलितको अर्को हतियार छैन। अहिलेसम्म लड्ने अहिलेसम्म कानुन रूपमा लडाई गर्ने अर्को हतियार छैन। यो विडम्बना मान्नुपर्छ। हामीले पनि अहिले पनि भोग्यौ। यो प्रतिवेदन पेश हुने थुप्रै पटकको कार्य सूची तयार भयो। लगभग ५/६ पटक कार्यसूचीबाट फिर्ता भएको छ। हाम्रो मन्त्री उपस्थित नहुँदाखेरि। अझै पनि नेपाल सरकार दलित प्रति उत्तरदायी छैन दलितपति संवेदनशील छैन। दलितहरूलाई अधिकार दिन चाहदैन भन्ने पुष्टि हुन्छ। त्यसैले यो ठुलो मेहनत गरेर जुन प्रतिवेदन आएको छ। किन प्रतिवेदन आयो? के आवश्यकता पर्‍यो दलितलाई अधिकार दिने कि नदिने? संविधानमा के छ भन्ने विषय यो प्रतिवेदनले बोलेको छ र सरकारलाई झक्झक्याएको छ। यो कारणले छिटो चाहिँनी विधेयकको रुपमा सरकारले ल्यायोस् भनेर यो प्रतिवेदनले बोलेको छ। दलित समुदायको अधिकार तथा विकास सम्बन्धी कानुनी व्यवस्थाको आवश्यकता किन पर्‍यो भनेर यो झकझकाएको छ। विद्यमान नीति एवम् कानुनी व्यवस्था के छ भन्ने कुराको यसले झकझकाएको छ। र संस्थागत संरचनाको स्थापनाको कुरा पनि यसले गरेको छ। सङ्कल्प प्रस्ताव राज्यले स्वीकार गरेको छ। तर कार्यान्वयन भएको छैन।यो पनि यो प्रतिवेदनमा आएको छ। नीति तथा कार्यक्रमको सम्बोधनको विषयमा पनि आएको छ। जातीय भेदभाव र छुवाछुतको अन्त्य कसरी गर्ने भन्ने विषयमा पनि यो चाहिँ प्रतिवेदनले बोलेको छ। सर्वोच्च अदालतले सरकारलाई निर्देशनात्मक आदेश जारी गरेको ३ महिना भित्र कानुन बनाउ भनेको छ। तर बनाएको छैन। यि विविध विषय राखेर नौवटा शीर्षक मध्ये एउटा अनुसूची गरेर दशवटा शीर्षकमा यो चाहिँ प्रतिवेदन आएको छ। ल धन्यवाद।

(१४:०४ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्य श्रीकृष्ण प्रसाद अधिकारी।

(१४:०५ बजे) **माननीय श्रीकृष्ण प्रसाद अधिकारी (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, दलित समुदायको अधिकार तथा विकास सम्बन्धमा कानुनी व्यवस्थाको आवश्यकता सम्बन्धी प्रतिवेदन, २०८१ माथि छलफलका सन्दर्भमा विषय प्रवेश गर्दै गर्दा नेपालको संविधान २०७२ को प्रस्तावना राज्यका निर्देशक सिद्धान्त र मौलिक अधिकार र हिजोका सामन्ती निरंकुश केन्द्रीकृत एकात्मक राज्य वर्णसम्म आधारित व्यवस्थाले सृजना गरेका सबै प्रकारका विभेद उत्पीडनको अन्त्य गर्दै वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछुत र भेदभावको अन्त्य गर्ने आर्थिक समानता समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागिता मूलक सिद्धान्तका आधारमा समतामूलक समाज निर्माण गर्ने सुनिश्चित गरेको छ। मौलिक हक र कर्तव्य अन्तर्गत धारा २४ मा छुवाछुत तथा भेदभावविरुद्धको हक धारा ४० मा भएको दलितको हकबारे प्रस्ट परिभाषा गरिएको छ। छुवाछुत तथा भेदभाव कसूर साजय ऐन, २०६८ ले जातीय भेदभाव तथा छुवाछुतको अन्त्य गरी समानताको आधारित समुन्नत समाजको परिकल्पना गरेको छ। जातीय भेदभाव छुवाछुत बलात्कार जस्ता दमन शोषण जस्ता अमानवीय व्यवहारको अन्त्य अझै समाजमा भइसकेको छैन। यस अर्थ छुट्टै ऐन निर्माणको आवश्यकता आज सर्वाधिक आवश्यकताको विषय बनेको छ। छुवाछुतजन्य भेदभाव र अपमानपूर्ण कार्यलाई गम्भीर अपराध मानि दोषीलाई कडा सजाय र पीडितलाई उचित न्याय, क्षतिपूर्तिको व्यवस्थालाई प्रभावकारी बनाउन आवश्यक छ। राज्यका सबै निकाय र संरचनामा दलित समुदायलाई समावेशी सिद्धान्तको आधारमा सहभागी गराउने, रोजगार स्वरोजगारका अवसरहरू सिर्जना गर्न दलितसम्म समुदायको परम्परा परम्परागत सीप, क्षमताको कदर र प्रोत्साहन गर्न आवश्यकता छ। संविधानले व्यवस्था गरे अनुसार दलित समुदायको विशेष अधिकार सहितको अधिकार सहितको सशक्तिकरण तथा सचेतना सामाजिक अन्तरघुलन सांस्कृतिक रूपान्तरण कार्ययोजना कार्यान्वयन अनुगमन तथा मूल्यांकन मूल्यांकन लगायतका क्षेत्रलाई समेटिएको यो प्रतिवेदनको म पूर्ण समर्थन गर्न चाहन्छु। साथै यो प्रतिवेदनले उठाएको १० सूत्रीय विधेयक मस्यौदाको रूपमा आएको छ। राष्ट्रिय दलित राष्ट्रिय दलित प्राधिकरण गठन सहितको यो विधेयक छिटो भन्दा छिटो ल्याउनको लागि सम्माननीय अध्यक्षज्यू मार्फत म सरकारको गम्भीर ध्यान आकर्षण गर्न चाहन्छु। धन्यवाद।

(१४:०८ बजे) <u>सम्माननीय अध्यक्ष</u>ः- माननीय सदस्यहरू, दलीय समुदायको अधिकार तथा विकास सम्बन्धमा कानुनी व्यवस्थाको आवश्यकता सम्बन्धी प्रतिवेदन, २०८१ माथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीँ समाप्त हुन्छ।

माननीय सदस्यहरू, अब म माननीय सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्री राजकुमार गुप्तालाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउँदछु।

(१४:०८ बजे) <u>माननीय सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्री श्री राजकुमार गुप्ता</u>ः- सम्माननीय अध्यक्षज्यू, दलित समुदायमा व्याप्त विभेद र उत्पीडनको अन्त्य गर्न र सामाजिक, सांस्कृतिक, आर्थिक, राजनीतिक समानता समृद्धि तथा समाजिक न्याय सुनिश्चित गर्ने सम्बन्धी संकल्प प्रस्ताव मिति २०७९ चैत ८ गते सम्माननीय प्रधानमन्त्रीको उपस्थितिमा सर्वसम्मतले पारित गरी नेपाल सरकारलाई कार्यान्वयन गर्न निर्देशन गरेको संकल्प प्रस्ताव संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको जिम्मेवारीमा परेको विषयहरूको कार्यान्वयनको अवस्था देहाय बमोजिम रहेको छ।

नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रमको बुँदा नम्बर २०२ तथा आ.व. २०८१।०८२ को बजेट वक्तव्यको बुँदा नम्बर २१३ मा दलित समुदायको सशक्तिकरण कार्य गर्ने संरचनालाई एकीकृत गरी दलित उपेक्षित उत्पीडित वर्ग उत्थान तथा विकास प्राधिकरणको संस्थागत व्यवस्था गर्ने उल्लेख भएको छ। सोको सम्बन्धमा राष्ट्रिय दलित आयोगको प.सं. २०८१।०८२ च.नं. १०७ मिति २०८१।०९।०४ को पत्राअनुसार प्रस्तावित प्राधिकरण गठन गर्न सकारात्मक धारणा प्राप्त भएको हो। र अर्थ मन्त्रालयको प.सं. २०८१।०८२ च.नं. ७६३ मिति २०८१।१०।०३ को पत्रमार्फत अवधारणापत्र उपर सकारात्मक राय सहमति प्राप्त भएको छ। संविधानको धारा ४० मा उल्लेख गरिएको दलितको हक कार्यान्वयन गर्न सिलसिलामा संघीय मामिला सङ्घीय संसद राष्ट्रिय सभा विकास आर्थिक मामिला तथा सुशासन समितिको २०८१।०९।११ को निर्देशन कार्यान्वयन सम्बन्धी पत्रबाट दलित समुदायको अधिकार तथा विकास सम्बन्धमा कानुनी व्यवस्थाको आवश्यकता सम्बन्धी प्रतिवेदन, २०८१ मा आधारित भइ दलित समुदायको अधिकार तथा विकास सम्बन्धी विधेयक सङ्घीय सदनको चालु अधिवेशनमा पेस गर्न समेत निर्देशन प्राप्त भएको छ। दलित समुदायको अधिकार तथा विकास सम्बन्धमा कानुनी व्यवस्थाको आवश्यकता सम्बन्धी प्रतिवेदन,२०८१ मा राष्ट्रिय दलित विकास प्राधिकरण गठन सम्बन्धी व्यवस्था भएका कारण दोहोरोपना हुन नदिन प्रस्तावित प्राधिकरण गठन सम्बन्धी विषयवस्तु प्रस्तावित दलितको हक अधिकार तथा विकास ऐन, २०८१ तर्जुमा सम्बन्धमा तयार पारिएको अवधारणापत्रमा समेटिएको छ। यस मन्त्रालयको मिति २०८१।१०।२४ को पत्रमार्फत प्रस्तावित दलितहरूको हक अधिकार तथा विकास ऐन, २०८१ तर्जुमा सम्बन्धमा अवधारणापत्र तय गरी

सहमतिको लागि राष्ट्रिय दलित आयोगमा पठाइएको छ। साथै प्रस्तावित संघीय निजामती सेवा ऐनको मस्यौदामा निजामती सेवालाई समावेशी बनाउन खुला प्रतियोगिताद्वारा पूर्ति हुने पदमध्ये ४९ प्रतिशत पद छुट्याइएको सो प्रतिशतलाई सत प्रतिशत माने त्यसको ५०% पद महिलाहरूबीच मात्र र बाँकी ५०% पदमा अन्य समूहको उम्मेदवारहरु बीच मात्र प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछ। र महिलाहरूबीच मात्र प्रतिस्पर्धा गराई पदपूर्ति गर्नका लागि छुट्याइएको ५०% पदलाई सतप्रतिशत मानी दलित समुदायलाई १२.७ प्रतिशत छुट्याइएको र उक्त महिला समावेशी पद बाहेकको अन्य बाँकी ५०% समावेशी पदलाई सत प्रतिशत मान्दा दलित समुदायलाई १५.५% कोटा छुट्याइएको छ। धन्यवाद।

(१४:१३ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, दलित समुदायको अधिकार तथा विकास सम्बन्धमा कानुनी व्यवस्थाको आवश्यकता सम्बन्धी प्रतिवेदन, २०८१ माथिको छलफल यहीँ समाप्त हुन्छ।

माननीय सदस्यहरु, प्रतिवेदनका सम्बन्धमा माननीय सदस्यहरूले छलफलमा उठाएका विषयहरू र सो सम्बन्धमा माननीय मन्त्रीले जवाफका सिलसिलामा व्यक्त गर्नुभएका विचार समेतका आधारमा दलित समुदायको अधिकार तथा विकास सम्बन्धमा कानुनी व्यवस्था आवश्यकता सम्बन्धी प्रतिवेदन, २०८१ मा समावेश भएका सुझावहरूलाई प्राथमिकताका आधारमा कार्यान्वयन गर्न सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र सम्बन्धित निकायलाई निर्देशन गर्दछु।

माननीय सदस्यहरू, अब म राष्ट्रिय सभाका सचिव डाक्टर सुरेन्द्र अर्यालयलाई केही नेपाल ऐन संशोधन गर्ने विधेयक, २०८० र भंसार विधेयक २०८० का सम्बन्धमा प्रतिनिधि सभाबाट प्राप्त सन्देशहरू सभा समक्ष जानकारी गराई टेबल गर्न समय उपलब्ध गराउँछु।

(१४:१४ बजे) **राष्ट्रिय सभा सचिव डा. सुरेन्द्र अर्याल**:- सम्माननीय अध्यक्ष महोदय, प्रतिनिधिसभाबाट पारित भएका विधेयकका सन्देशहरू प्राप्त भएका छन्। अध्यक्ष महोदयको अनुमतिले राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १२४ को उपनियम १ बमोजिम उक्त सन्देशहरू सभा समक्ष जानकारी गराउँछु। पहिलो सन्देशः

श्री सचिव,

राष्ट्रिय सभा।

विषयः सन्देश सहित विधेयक पठाइएको।

प्रतिनिधि सभामा उत्पत्ति भएको भन्सार विधेयक, २०८० सम्वत् २०८२ साल वैशाख १६ गते मंगलबार बसेको प्रतिनिधि सभाको बैठकले अर्थ समितिको प्रतिवेदन संशोधन सहित पारित गरेकोले प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १२७ को उपनियम १ बमोजिम सन्देश सहित उक्त विधेयक पठाइएको व्यहोरा अनुरोध गर्दछु।

हर्कराज राई

सचिव

२०८२।०१।१६

दोस्रो सन्देशः

श्री सचिव,

राष्ट्रिय सभा।

विषयः सन्देश सहित विधेयक पठाइएको।

प्रतिनिधि सभामा उत्पत्ति भएको कही नेपाल ऐन संशोधन गर्ने विधेयक, २०८० सम्वत् २०८२ साल वैशाख १६ गते मंगलबार बसेको प्रतिनिधि सभाको बैठकले कानुन न्याय तथा मानव अधिकार समितिको प्रतिवेदन संशोधन सहित पारित गरेकोले प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १२७ को उपनियम १ बमोजिम सन्देश सहित उक्त विधेयक पठाइएको व्यहोरा अनुरोध गर्दछु।

हर्कराज राई

सचिव

२०८२।०१।१६

सम्मानीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १२४ को उपनियम १ बमोजिम उक्त सन्देशहरू यस सम्मानित सभा समक्ष टेबल गर्दछु। धन्यवाद।

(१४:१६ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, अब म सम्माननीय प्रधानमन्त्री के.पी. ओलीको तर्फबाट माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वी सुब्बा गुरुङलाई प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त संवैधानिक परिषद् काम कर्तव्य अधिकार र कार्यविधि सम्बन्धी (पहिलो संशोधन) विधेयक, २०७९ लाई विचार गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउँछु।

(१४:१७ बजे) मानानीय सञ्चार तथा सूचना प्रविधि मन्त्री श्री पृथ्वी सुब्बा गुरुङः- सम्मानीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त संवैधानिक परिषद् काम कर्तव्य अधिकार र कार्यविधि सम्बन्धी (पहिलो संशोधन) विधेयक, २०७९ माथि विचार गरियोस् भन्ने प्रस्ताव यस सम्मानित सदन समक्ष प्रस्तुत गर्दछु। धन्यवाद।

(१४:१७ बजे) सम्माननीय अध्यक्षः- माननीय सदस्यहरू, सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीको तर्फबाट माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वी सुब्बा गुरुङले प्रस्तुत गर्नुभएको प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त संवैधानिक परिषद् काम कर्तव्य अधिकार र कार्यविधि सम्बन्धी (पहिलो संशोधन) विधेयक, २०७९ माथि विचार गरियोस् भन्ने प्रस्ताव माथिको छलफल प्रारम्भ हुन्छ। छलफलमा विधेयक र सो सम्बन्धी विधेयकका दफाहरूका सैद्धान्तिक पक्षमा मात्र छलफल गर्न सकिने व्यहोरा माननीय सदस्यलाई जानकारी गराउँछु। छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यले आआफ्नो नाम दुई मिनेट भित्र अध्यक्षको डयासँगै बसेका सचिवालयका कर्मचारीहरूलाई उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछु। छलफलमा भाग लिने प्रत्येक माननीय सदस्यलाई ३ मिनेटको समय निर्धारण गरेको छु। माननीय सदस्य डा. बेदुराम भुसाल।

(१४:१९ बजे) माननीय डा. बेदुराम भुसाल (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी):- सम्माननीय अध्यक्ष महोदय, संवैधानिक परिषद् काम कर्तव्य अधिकार र कार्यविधि ऐन २०६६ लाई संशोधन गर्न बनेको विधेयक खासगरीकन यो परिषद्को बैठकको प्रक्रिया र निर्णय प्रक्रिया सम्बन्धी विषयमा संशोधन गर्ने गरी प्रस्तुत भएको छ। यसमा प्रतिनिधि सभामा छलफल भएर प्रतिनिधिसभाले केही उपदफा थप गरेर प्रतिवेदन पनि पठाएको छ। जसमाथि हामी छलफल गर्दै छौं। र यसमा अरू धेरै केहीँ पनि छैन। यो छोटो विधेयक छ। जम्मा १३ दफाको। तर यसले एउटा प्रस्ताव जुन गरेको छ विधेयकको दफा १० मा यो चाहिँ अलि गम्भीर प्रकृतिको छ। खास गरीकन परिषद्को यो गणपुरक सङ्ख्या कति हुने र कति संख्याको उपस्थितिले निर्णय गर्न सक्ने भन्ने सन्दर्भमा अध्यक्ष र तत्काल बहालवाला बहाल रहेका सदस्यहरूको ५० प्रतिशतको उपस्थिति भयो भने गणपूरक सङ्ख्या मान्ने र अध्यक्ष र बैठकमा उपस्थित गणपुरक संख्याको आधारमा उपस्थित हिसाबले भन्ने हो भने चारजना र त्यसमा उपस्थित मध्येका ५० प्रतिशत सदस्य भन्दाखेरि तीनजना अध्यक्ष र दुई जना सदस्य हुँदाखेरि तीनजना। तीनजना पुगेपछि निर्णय गर्न सकिने गरी यो विधेयकमा प्रस्तावित गरिएको छ। सिद्धान्त त हामीले यस्तो अवस्थामा जान सक्छौ कि सक्दैनौं? बहुमत पनि नपुगिकन परिषद्को बहुमत पुग्दैन आधा आधा हुन्छ ६/७ सदस्यीय परिषद् छ हाम्रो। तीन जनाले निर्णय

गर्ने हो भने यो चाहिँ आधा सङ्ख्याले निर्णय गर्छ। बहुमत हुँदैन। बहुमत नभएको परिषद्ले निर्णय गर्ने व्यवस्थामा हामी जान सक्छौं कि सक्दैनौ? यो गम्भीर सैद्धान्तिक विषय हो। त्यसले गर्दा खेरी यो विषयमा अलि गम्भीरतापूर्वक छलफल गरेर नै यसपछि अगाडि बढाउनु पर्ने म देख्दछु। त्यसकारणले यसलाई हामीले समितिमा लगेर सरकारको तर्फबाट यस ढङ्गले आउनु पर्ने आवश्यकता के हो भन्ने कुराको बोध पनि सरकारले गराउनु पऱ्यो। र यसरी हामी जान सक्छौं कि सक्दैनौं? कानुनी राज्यमा हामीले बहुमत पनि नपुगेको संरचनाले त्यो संस्थाले निर्णय गरेर जाने हिसाबको व्यवस्था त्यो खालको प्रावधान त्यो खालको प्रबन्ध गर्न सक्छौ कि सक्दैनौ? यसमा गम्भीरतापूर्वक छलफल गर्नुपर्ने आवश्यकता छ। त्यसले गर्दाखेरी यसलाई हामीले गम्भीर छलफल गर्नका निम्ति समितिमा पठाएर छलफल गरेर अगाडि बढाउन उपयुक्त हुन्छ भन्ने राख्न चाहन्छु। धन्यवाद।

(१४:२१ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य गोपी बहादुर सार्की आछामी।

(१४:२२ बजे) **माननीय श्री गोपी बहादुर सार्की आछामी (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, संवैधानिक परिषद् काम कर्तव्य अधिकार र कार्यविधि सम्बन्धी ऐन, २०६६ लाई संशोधन गर्न बनेको यो विधेयक प्रतिनिधि सभाबाट प्रतिवेदनसहित प्रस्तुत भएको छ। यो विधेयकमा अरू विषय भन्दा पनि अघि माननीय डा. बेदुराम भुसाल माननीयज्यूले उठाउनुभएको विषय यो असाध्यै महत्त्वपूर्ण र गम्भीर विषय छ भन्ने मलाई लाग्दछ। यो संवैधानिक परिषदमा ६ जना सदस्य हुन्छन्। ६ जना सदस्य मध्ये पनि त्यसको चाहिँ उपस्थित सङ्ख्याको ५०% भन्दाखेरि माननीयज्यूले भन्या जस्तै यसको कानुनले वैधताको कुरा र हामी जुन एउटा लोकतान्त्रिक परिपाटी कानुनको शासन र चाहिँ विधिको शासनभित्र जुन लोकतन्त्रको अभ्यास गरिराखेका छौं। यो लोकतन्त्रको अभ्यासमा कम्तीमा पनि संवैधानिक परिषद्मा सबै समिति सदस्यहरुको उपस्थितिमा नै निर्णय गर्ने परिपाटीलाई अगाडि बढाउदाखेरी राम्रो हुन्छ एक। अर्को कुरा चाहिँ यो विषय जसरी आएको छ। अहिले हामीले समितिमा गएर छलफल गरिकन समिति मार्फत नै उठेका विषयहरूलाई सम्बोधन गर्ने र सम्बोधन गरेर चाहिँ त्यसलाई सच्याएर जाँदाखेरि उपयुक्त हुन्छ भन्ने कुरालाई नै म जोड दिएर राख्न चाहन्छु र मैले मेरो आफ्नो भनाइ यति राख्न चाहन्छु। हवस् त धन्यवाद।

(१४:२३ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य मृगेन्द्र कुमार सिंह यादव।

(१४:२३ बजे) **<u>माननीय श्री मृगेन्द्र कुमार सिंह यादव (जनता समाजवादी पार्टी नेपाल)</u>**:- सम्माननीय अध्यक्ष महोदय, प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त संवैधानिक परिषद् काम कर्तव्य अधिकार र कार्यविधि सम्बन्धी (पहिलो संशोधन) विधेयक पूर्ववक्ता माननीयज्यूहरूले भने अनुसार नै त्यसमा विभिन्न प्रतिनिधि सभाबाट सन्देश सहित आएको छ। त्यसमा विभिन्न कुराहरुमा अलिकति बढी छलफल गर्नुपर्ने त्यसैले यसलाई चाहिँ समितिमा लगेर नै बृहत छलफल गरेर चाहिँ गरियोस् भनेर मेरो पनि आफ्नो विचार राख्न चाहन्छु धन्यवाद।

(१४:२४ बजे) **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्य माया प्रसाद शर्मा।

(१४:२४ बजे) **<u>माननीय श्री माया प्रसाद शर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>**:- सम्माननीय अध्यक्ष महोदय, संवैधानिक परिषद् कार्य काम कर्तव्य अधिकार र कार्यविधि सम्बन्धी ऐन २०६६ लाई संशोधन गर्न बनेको विधेयक प्रतिनिधि सभामा छलफल भएर राष्ट्रिय सभामा आएको छ। यसमा हामीले सैद्धान्तिक रूपले छलफल गरिराखेका छौं। केही विषयहरू अस्पष्ट छन्। जसलाई स्पष्ट गराउनका निमित्त व्यापक छलफल जरुरी हुन्छ। परिषद्को विषयहरू अन्य विषयहरूमा पनि हामीले केही छलफल गर्नुपर्छ र त्यसका लागि समितिमा पठाएर व्यापक रूपले छलफल गरेर मन्त्रीज्यूको सरकारको धारणा बुझेर बेसी कसले छलफल गरेर लिँदाखेरि उपयुक्त हुन्छ र यो एकदम सार्थक पनि हुन्छ भन्ने लागेको छ। धन्यवाद।

(१४:२५ बजे) **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्य गंगा कुमारी बेलबासे।

(१४:२५ बजे) **<u>माननीय श्री गंगा कुमारी बेलबासे (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>**:- सम्माननीय अध्यक्षज्यू, अधिकार कार्यविधि सम्बन्धी,२०६६ लाई संशोधन गर्न बनेको विधेयक हाम्रो हातमा सैद्धान्तिक छलफलमा छ। यो प्रतिनिधि सभाले केही संशोधनहरू गरेको छ। त्यसलाई स्वीकार्न सकिने अवस्था नै छ। तर यसमा बैठक सम्बन्धी व्यवस्था जुन ढंगले गरिएको छ। समिति पहिलो संवैधानिक रूपले यसमा जे व्यवस्था गरिएको छ यही नै त्रुटी छ। मैले बारम्बार उठाइरहेको छु संवैधानिक परिषद्मा राष्ट्रिय सभाको उपाध्यक्षलाई पनि राख्नुपर्छ भनेर विगतका थुप्रै बैठकहरुमा धेरैवटा बैठकहरूमा मैले उठाएको थिए। त्यो समिति छ जनाको बनाउने र बहुमत नचाइने

भन्ने ५०/५० को उपस्थितिमा बैठक गर्ने भन्ने कुरा जुन छ त्यो त्रुटिपूर्ण छ। त्यसलाई सच्याउनुपर्छ र हाम्रो संविधान संशोधनको कुरा पनि बारम्बार उठिराखेको छ। त्यसो गर्दाखेरि राष्ट्रिय सभाका उपाध्यक्षलाई पनि राखेपछि त्यहाँ सातजना हुन्छ र ७ जनाको बहुमतको उपस्थितिले चाहिँ बैठक बस्ने व्यवस्था गरिनुपर्छ। आज हाम्रो हातमा कानुन आउँदा खेरी ६ जनाको त्यहाँ उपस्थिति छ। ६ जना हुँदा खेरी पनि हामीले त्यहाँ बहुमतको उपस्थितिको आधारमा बैठकले निर्णय गर्नेछ भन्ने व्यवस्था गरेर जानुपर्छ। यहीँ व्यवस्थाका कारणले बारम्बार त्यहाँ बैठकमा हुने निर्णय नहुने विगतमा भएको छ। त्यो हामीलाई थाहा छ र त्यसलाई सच्याउनका लागि यो व्यवस्था ल्याइएको छ। यो कानुनी व्यवस्था गर्न खोजिएको छ तर यो व्यवस्था मान्य छैन। यसलाई बहुमतको उपस्थितिमा गरिएका निर्णयहरू लागु हुनेछन् मान्य हुनेछन् भन्ने कुराहरू राख्नुपर्छ र यो बारम्बार तलतिर पनि यो बैठकका विधिहरूलाई दोऱ्होराइएको छ र मैले १२ नम्बर नम्बरमा के भन्न चाहन्छु भने यो सायद यो कहाँ छलफल हुने हो छलफल पनि होला। यो भाषा अलिकति सच्याएर सचिवले अध्यक्ष र बैठकमा उपस्थित हुनेहरूको हस्ताक्षर गर्नेछ र परिषद्ले गरेका निर्णयको अभिलेख राख्नेछ भन्ने भाषा पनि यहाँ सच्याउनुपर्छ। र थप संशोधन गर्ने अवस्था अवसर मिल्यो भने हामीले त्यहीँ ठाउँमा छलफल गर्नेछौँ भन्ने कुराहरू राख्दै मेरो भनाईहरू अन्त्य गर्दछु। हवस् त धन्यवाद।

(१४:२८ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट संदेश सहित प्राप्त संवैधानिक परिषद्का काम कर्तव्य अधिकार र कार्यविधि सम्बन्धी (पहिलो संशोधन) विधेयक, २०७९ माथि विचार गरियोस् भन्ने प्रस्ताव माथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम यही समाप्त हुन्छ।

माननीय सदस्यहरू, अब म सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीको तर्फबाट माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वी सुब्बा गुरुङलाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउँछु।

(१४:२९ बजे) <u>माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री श्री पृथ्वी सुब्बा गुरुङ</u>:- सम्माननीय अध्यक्ष महोदय, हामी अहिले संवैधानिक परिषद् काम कर्तव्य अधिकार र कार्यविधि सम्बन्धी (पहिलो संशोधन), २०७९ माथि यो प्रतिनिधि सभामा उत्पति भएर प्रतिनिधि सभाको राज्य व्यवस्था तथा सुशासन समितिमा लामो समय छलफल भएर सत्तापक्ष र प्रतिपक्ष बीचमा धेरै लामो रस्साकस्सी बीचमा एउटा सहमति भएर समितिले सर्वसम्मत प्रतिवेदन पठायो प्रतिनिधि सभामा। प्रतिनिधि सभाले सर्वसम्मत पास गरेको यो विधेयक यहाँ चाहिँ राष्ट्रिय सभामा आइपुग्या छ।

यसमा नाम चाहिँ हामी सबैलाई थाहा छ। लामो यो संशोधनको अध्ययनको लामो समयको कारण के थियो भने सत्ता पक्ष र प्रतिपक्ष अलग अलग आफ्नो आफ्नो धारणा भएको कारणले गर्दा खेरी र दुईवटा पक्षको बिचमा सहमति हुन नसक्दा खेरी धेरै समय लामो समय लागेको थियो। पछि चाहिँ यसमा यो जुन प्रबन्ध गर्याछ यो प्रबन्धको आधारमा सर्वसम्मत पारित भएर आएको भन्न चाहन्छु। पहिलो कुरा परिषद्को बैठकमा तत्काल बहाल रहेको सबै सदस्यहरू उपस्थिति हुनुपर्ने छ भन्ने त छदैंछ। र यसको सबै सदस्य उपस्थित भएन सबै विषयमा सर्वसम्मत हुन सकेन एकछिनलाई भन्यो भने त्यसको पनि के गर्ने भन्नेमा पनि लामो विवाद भएको थियो। र त्यो विवादको क्रममा सहमति भएको कुरा के थियो भने यो तब उपदफा ५ बमोजिमको सबै उपस्थित भएन भने र ६ बमोजिम सबै माननीय सदस्यको सर्वसम्मत के गर्ने भन्ने बारेमा यहाँ उपदफा ७ को प्रबन्ध गर्‍याछ। त्यो भनेको सबै सदस्य उपस्थित नभएमा वा उपदफा ६ बमोजिम सबै विषयमा सर्वसम्मति कायम हुन नसकेमा यो बैठक अर्को बैठक बोलाउने त्यस्तो भयो भने। अर्को बैठकको चाहिँ प्रावधान कसरी राखीयो भने अध्यक्ष र तत्काल बहाल रहेका कम्तीमा ५०% सदस्यहरु उपस्थित भएमा त्यो कोरम पुगेको मानिने। र निर्णय कसरी गर्ने भन्ने कुनै विषयमा सर्वसम्मतिबाट निर्णय हुन नसकेमा अध्यक्ष पहिला चाहिँ वा थियो। अध्यक्ष र तत्काल बहाल रहेका बहाल रहेका कम्तिमा ५०% भनेपछि त्यो दिनको बैठकको पनि बहुमत हुनि भयो। त्यसकारण त्यसको आधारमा निर्णय गर्ने भनेर यो विधेयक प्रतिनिधि सभाबाट पारित भएर आएको हुनाले आज हामी छलफलको क्रममा छौं।

सम्माननीय अध्यक्ष महोदय, यो विषय प्रक्रियामा लगेर हामीले व्यापक छलफल गरेर टुङ्ग्याउनको लागि म अनुरोध गर्न चाहन्छु। धन्यवाद।

(१४:३१ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट संदेश सहित प्राप्त संवैधानिक परिषद् काम कर्तव्य अधिकार र कार्यविधि सम्बन्धी (पहिलो संशोधन) विधेयक, २०७९ माथि विचार गरियोस् भन्ने प्रस्ताव माथिको छलफल यहीं समाप्त हुन्छ। माननीय सदस्यहरू, अब म प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त संवैधानिक परिषद् काम कर्तव्य अधिकार र कार्यविधि सम्बन्धी (पहिलो संसोधन) विधेयक, २०७९ माथि विचार गरियोस् भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोला र यसको विपक्षीमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोस्।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोस्।

"हुन्न" भन्ने आवाज सुनिएन। तसर्थ प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त संवैधानिक परिषद् काम कर्तव्य अधिकार र कार्यविधि सम्बन्धी (पहिलो संशोधन) विधेयक, २०७९ माथि विचार गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु।

माननीय सदस्यहरू, संवैधानिक परिषद् काम कर्तव्य अधिकार र कार्यविधि सम्बन्धी (पहिलो संशोधन) विधेयक, २०७९ माथि संशोधन प्रस्ताव राख्न चाहनुहुने माननीय सदस्यहरूले राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १०६ बमोजिम राष्ट्रिय सभा अन्तर्गतको विधेयक शाखामा संशोधन प्रस्ताव दर्ता गर्न सक्नुहुने व्यहोरा जानकारी गराउँदछु।

माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक २०८२ साल बैशाख २२ गते सोमबार अपराह्न १ बजेर १५ मिनेटमा बस्ने गरी यो बैठक स्थगित हुन्छ।

(तदनन्तर, अर्को बैठक २०८२ साल वैशाख २२ गते आइतबार अपराह्न १ बजेर १५ मिनेटमा बस्ने गरी यो बैठक यहीँ स्थगित भयो)।

**स्थगितः १४:३३ बजे।**